**संविधान दिवस भव्यरूपमा मनाऔं**
- नेपालको संविधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रिय उत्सवको रूपमा मनाऔं,
- सङ्घ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं, संविधान दिवसको महत्त्व बढाऔं,
- प्रत्येक नागरिकले असोज २, ३ र ४ गते घरघरमा राष्ट्रिय झन्डा फहराऔं, दीपावली गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

epratekdaily.com

**जनहितमा जारी सन्देश**
- आफ्नो घर सफा राखेजस्तै आफ्नो शहर पनि सफा राखौं ।
- घर सफा भयो भने रोग लाग्दैन, शहर सफा भयो भने प्रदूषण हुँदैन, रोगवाहक कीरा-फटयाङ्ग्रा हुर्कंदैनन् ।
- सफा रहनु देवत्व हो, फोहर दानवी प्रवृत्ति हो ।


**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ असोज ०३ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 September 19 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२

## आत्मकथामा समृद्धिको विश्लेषण गरिएको छ -वैज्ञानिक पुन

प्रस, निजगढ, २ असोज/

नेपाली वैज्ञानिक डा महावीर पुनले आफूले लेखेको 'सम्झना, सपना र अविरल यात्रा' नामक आत्मकथा



पुस्तकमा कसरी मुलुकलाई आर्थिकरूपमा समृद्ध बनाउन सकिन्छ भन्ने कुराको गहिरो विश्लेषण गर्न खोजेको बताएका छन् ।

नगर उद्योग वाणिज्य सङ्घ, निजगढद्वारा बुधवार साँझ आयोजित स्वागत कार्यक्रममा डा पुनले देशको तीन करोड जनसङ्ख्यामध्ये एक प्रतिशत अर्थात् तीन लाखजनाले मात्रै पुस्तक खरीद गर्ने हो भने आफ्नो अभियान पूरा हुने बताए । उनले महाकालीबाट शुरू गरिएको पुस्तक बिक्री अभियान बारासम्म आइपुग्दा लगभग एक लाख ३५ हजार थान बिक्री भइसकेको र यात्रालाई निरन्तरता प्रदान गर्दै मेचीसम्म लैजाने बताए ।

उनले दशकौंदेखि बन्द रहेको वीरगंजस्थित कृषि औजार कारखानाका मेशीनहरू मरम्मतसम्भार गरी सञ्चालनमा ल्याउनका लागि खर्च हुने रकमको सोधभर्ना नेपाल सरकारले गर्ने सम्झौता भएको बताए । २५ जना इन्जिनीयर र वैज्ञानिकको टोलीले ११ महीना लगाएर कृषि औजार कारखाना सञ्चालनमा ल्याउन सफल भएको उनले बताए । सो कार्यमा एक करोड रकम खर्च भएको तर तत्कालीन अर्थमन्त्रीले सरकारसँग भएको सम्झौताबापतको रकम उपलब्ध नगराइ आफूहरूलाई धोका दिएको कारणले नै कृषि औजार कारखाना सञ्चालनका लागि पुस्तक लेख्ने, प्रकाशन गर्ने र बिक्री गर्ने योजना सिर्जना भएको बताए ।

उनले विश्वमा आविष्कार र अनसन्धानमा लगानी गर्ने देशहरू मात्र आर्थिकरूपमा अघि बढ्दै समृद्धितर्फ अग्रसर भइरहेको बताए । आर्थिक समृद्धितर्फ अघि बढ्न नेपालमा पनि सम्भावना अधिक रहेको चर्चा गर्दै उनले यसमा नेपाल सरकार भने अल्मलिइरहेको आरोप लगाए । जुन देशले आविष्कार र अनुसन्धानमा खर्च गर्दैन, त्यस्तो देश अहिलेको परिवेशमा उँभो नलाग्ने उनले ठोकुवा गरे । उनले आफूले लेखेको आत्मकथा पुस्तकमा पनि सोही कुरा उल्लेख रहेको बताए ।

उनले भने, "जुन देशमा आविष्कार र अनुसन्धान हुँदैन, त्यहाँ उद्योगधन्दा, कलकारखानाको विकास हुँदैन । जहाँ उद्योगधन्दा, कलकारखाना हुँदैनन्, त्यो देशको विकास हुँदैन ।"

वीरगंजस्थित कृषि औजार कारखाना सञ्चालनका लागि आफूले चालेको अभियान विशुद्ध समाजसेवा भएको उनले प्रस्टयाए ।

कार्यक्रममा नगर उद्योग वाणिज्य सङ्घ निजगढकी उपाध्यक्ष उषा लामा, समाजसेवी रविराज दङ्गाल, ज्ञानेन्द्रप्रसाद चौलागाईं, पत्रकार जीतलाल श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

नगर उद्योग वाणिज्य सङ्घ निजगढका अध्यक्ष दीपेन्द्र श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण इन्दीप कोइरालाले गरेका थिए ।

## मिटरब्याजीविरुद्ध थप ५४० उजूरी दर्ता

प्रस, वीरगंज, २ असोज/

मिटरब्याज समस्या तथा समाधानबारे वीरगंजमा आयोजित अन्तर्क्रियामा सहभागीहरूले साँवाभन्दा बढी ब्याज रकम तिरिसक्दा पनि साहुमहाजनले ऋण मुक्त नगरेको आरोप लगाएका छन् ।

मिटरब्याजीविरुद्ध किसान मजदूर आन्दोलन भोजपुरा कमान्ड पर्साद्वारा आयोजित कार्यक्रममा पीडितको पीडा सुन्ने र सम्बन्धित निकायलाई त्यसबारे जानकारी गराएर विवादको निकास खोज्ने प्रयास गरिएको संस्थाका वीरगंज महानगर अध्यक्ष शम्भुप्रसाद यादवले बताए । उनले तराईमा धमिराजस्तो गरीब निमुखालाई भित्रैभित्रै मिटरब्याजीहरूले खाइरहेको र सो विकृति अन्त्य गराउन जरुरी भएको बताए । उनले पीडितहरूको पक्षमा बोल्नेहरूलाई सामाजिक र कानूनी न्याय दिलाउनका लागि आफूहरू लागिपरेको बताए ।

अनुचित लेनदेन (मिटरब्याजी) सम्बन्धमा दुई हजार १४० वटा उजूरी अहिलेसम्म परेको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक भारतीले बताए । यस अघि जिल्ला प्रशासन कार्यालय, पर्साले २०८० वैशाखदेखि यस्ता उजूरी हेर्न थालेकामा केन्द्र सरकारको निर्णय अनुसार जिल्ला प्रशासन कार्यालयले २०८० माघ १७ देखि सम्पूर्ण उजूरी प्रहरीको जिम्मा लगाएको र सोहीअनुरूप प्रहरीले कामकारबाही अगाडि बढाएको बताए ।

उनले जिल्ला प्रशासन कार्यालय, पर्साले प्रहरीलाई एक हजार ६६१ वटा उजूरी जिम्मा लगाएको र त्यसमध्ये २२० वटा उजूरीको निर्णय भइसकेको बताए । उनले प्रहरीले हेर्न थालेपछि थप ५४० वटा उजूरी दर्ता भएको बताए । उनले हालसम्म दुवै पक्षलाई राखेर समस्या समाधानको प्रयास गर्दा १३ वटा उजूरीमा ११ जना पक्राउ परेको जानकारी गराए । कुल उजूरीमध्ये ९३२ प्रहरीले र २२० प्रशासनले गरी एक हजार १५२ वटा उजूरी छलफलबाट टुङ्ग्याएको र मेलमिलाप हुन बाँकी एक हजार ३६ वटा उजूरी रहेको उनले बताए ।

यस अघि कालिकामाई गाउँपालिका-५ का विक्रम ठाकुर, वीरगंज महानगरपालिका-१८ सौराहाका लालबाबू यादवले साहुमहाजनबाट लिएको ऋणको साँवा र ब्याज बुझाउँदा पनि आफ्नो जग्गा नाममा नगरेको आरोप लगाए । थोरै पैसा दिने अनि धेरैको तमसुक बनाउने, चेक लिने र चेक बाउन्स गराएर उल्टो कारबाही गराउने परम्पराको अन्त्य हुनुपर्ने बताए । आफूहरूको खातामा अहिलेसम्म नभएको रकमको चेक काटिनु र त्यस्तो चेक किन कसरी काटियो भनेर सोधखोज नगरी कारबाही गर्ने परम्परा पनि राम्रो नभएको बताए । उनीहरूले वडाबाट तमसुक, चेकको व्यवस्था भएपछि गरीबहरूले ऋण पाउन अलि गाह्रो भएपनि यसबाट सुधार आएको र अनाहक साहुमहाजनको चक्करमा मानिसहरू फस्ने घटनामा कमी आएको बताए ।

## पीडित परिवारलाई आर्थिक सहयोग

प्रस, बिरुवागुठी, २ असोज/

चितवन जिल्लाको भरतपुर महानगरपालिका-२९ नारायणगढ मुग्लिङ सडकखण्डको सिमलतालमा बस दुर्घटनामा परी बेपत्ता भएका पर्सागढी नगरपालिका निवासी दुईजनाका परिवारलाई पर्सागढी नगरपालिकाले ५० हजार सहयोग गरेको छ ।

पर्सागढी नपा विपत् व्यवस्थापन समितिका संयोजक एवं नगरप्रमुख गोकर्ण पाठकको अध्यक्षतामा बुधवार बसेको समितिको बैठकले बेपत्ता भएका एकै परिवारका दुईजनाको किरिया खर्चबापत सो रकम दिने निर्णय गरेको हो ।

वीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको एन्जल डिलक्स बस सिमलतालको पहिरोमा परी दुर्घटना हुँदा बसमा सवार पर्सागढी नपा-७ निवासी ६७ वर्षीय सलिम मियाँ र निजकी पत्नी ६६ वर्षीया जनबिया धुनिया दुर्घटनामा परी बेपत्ता अवस्थामा छन् ।

समितिको बैठकमा उपप्रमुख पूजा चौधरी, वातावरण तथा विपत् व्यवस्थापन शाखा प्रमुख देवकुमार गिरी, वडाध्यक्ष वीरेन्द्र महतो, रेडक्रस उपशाखा बिरुवागुठीका संयोजक मोहमद जुक्रुलाहलगायतको सहभागिता थियो ।

## बझियानमा कालोबजारी, थरुहटमा सहज उपलब्ध

धर्मेन्द्र चौरसिया, पोखरिया, २ असोज/

गण्डक नहरदेखि दक्षिणी क्षेत्र बझियानमा अहिले युरिया मलको कालोबजारी शुरू भएको छ । अहिले यहाँका किसानहरूलाई युरिया मलको




तस्वीरः नरेश यादव

आवश्यकता छ तर सहकारीबाट मल किसानहरूले पाइरहेका छैनन् र छिमेकी भारतबाट ल्याउनुपर्दा महँगोमा खरीद गर्नुपरिरहेको छ ।

युरिया मल प्रति ५० किलो बोराको रु ९०० पर्छ तर अहिले सहकारीले मल उपलब्ध नगराएको र बजारबाट रु ११०० मा किसानहरूले खरीद गर्नुपरिरहेको छ । सीमावर्ती क्षेत्र भारतका बजारबाट केही किसानहरूले मल खरीद गरेर ल्याउने र जोहो टार्ने गरिरहेका छन् । तर पछिल्लो समयमा सीमाबाट हुने अवैध आयात-निर्यातमा सीमा प्रहरीले कडाइ गरेका कारण किसानहरू सीमापारि गएर मल ल्याउन पनि सकिरहेका छैनन् ।

अहिले पोखरियालगायत बझियानका बजार क्षेत्रमा रहेका पसलहरूमा अनधिकृतरूपमा मल बिक्री भइरहेको छ । पान, जुत्ता र किराना पसलहरूमा युरिया मल बिक्री भइरहेको देख्न सकिन्छ । मल बिक्रीका लागि सहकारीलाई मात्र जिम्मेवारी दिइएको छ । अनधिकृतरूपमा बिक्री भइरहेका मल सहकारीद्वारा पसलहरूलाई उपलब्ध गराइएको किसानहरूले आरोप लगाएका छन् । अहिले बजारमा अनधिकृत बिक्री हुने मल नेपालकै हो ।

**नरेश यादव, पर्सागढी/**

गण्डक नहरदेखि उत्तरतर्फ थरुहट क्षेत्रमा भने मलको सहज उपलब्धता छ । अहिले यहाँका सहकारीहरूमा युरिया, पोटास र डिएपी सहज पाइरहेको किसानहरूले बताएका छन् । मल सहज तरीकाबाट प्राप्त भएपनि अहिले यस क्षेत्रका किसानहरूलाई धानबालीका लागि भने मलको आवश्यकता छैन । सिंचाइको वैकल्पिक व्यवस्थाका कारण यहाँका किसानहरूले आकाशे पानी पर्नु अघिदेखि नै धान रोपनी शुरू गरेका थिए । यसपटक पानी थोरै परे पनि नियमितरूपमा किसानहरूलाई आवश्यकता परेको बखत पानी परेकोले झनै सहजता भएको थियो । धानबाली रोप्ने बखत युरिया, डिएपी र पोटास आवश्यक हुन्छ, त्यसपछिको २१ दिनमा युरिया र दुई महीनापछि पुनः युरिया आवश्यक हुन्छ । यी तीनै क्रिया अहिले सम्पन्न भएकाले किसानहरूले मकै र आलु खेतीका लागि मल सञ्चय गरिरहेका छन् । कात्तिकको अन्तिम र मङ्सिरमा मकै र आलु खेती शुरू हुन्छ । त्यतिखेर मल सहज नहोला भनेर अहिलेदेखि थरुहट क्षेत्रका किसानहरूले मलको सञ्चय शुरू गरेका हुन् ।

## पत्रकार महासङ्घमा लागेको ताला खुल्यो

प्रस, वीरगंज, २ असोज/

नेपाल पत्रकार महासङ्घको केन्द्रीय कार्यालयमा लागेको ताला खोलिएको छ । बुधवार कार्यवाहक अध्यक्ष रमेश विष्ट, महासचिव रोशन पुरी हराएको २९ गते सदस्यता नामावली सार्वजनिक गरेसँगै देशभरका शाखाहरूले आपत्ति जनाएका थिए ।

प्रेस युनियन आबद्ध जुम्ला शाखाले महासङ्घको केन्द्रीय कार्यालयमा ।

यससम्बन्धी विरोधलाई सम्बोधन गरेर मात्र निर्वाचन गराउन बुधवार ५३ जिल्लाका अध्यक्षहरूको विरोधपूर्ण हस्ताक्षर भएको ध्यानाकर्षणपत्र कावा



व्यङ्ग्यात्मक पोस्टर महासङ्घमा टाँसेर विरोध भएपछि कावा अध्यक्ष विष्ट, महासचिव पुरीलगायत केन्द्रीय पदाधिकारीहरू महासङ्घमा पुगेर ताला खोल्न लगाएका थिए ।

उनीहरूले जिल्ला शाखाको मागलाई सम्बोधन गर्ने आश्वासन दिएपछि भदौ ३० गतेदेखि लगाएको ताला खोलिएको थियो । पछिल्लोपटक महासङ्घले असोज १२ गते निर्वाचन मिति तोकिएर भदौ तालाबन्दी गरेर धर्ना शुरू गरेको थियो भने मधेस प्रदेशका आठ जिल्लामध्ये सात र देशभरका ५३ शाखाले नयाँ सदस्यता नामावली यस अघिभन्दा बढी विवादित रहेको र अनियमित तरीकाबाट भद्रगोल गर्नेगरी जिल्ला, प्रदेश र केन्द्रमा समेत आवेदन नपरेकाहरूलाई हचुवाको भरमा पुरानो सदस्य भनेर नवीकरण गरिएको र नयाँ सदस्यता दिएको भन्दै विरोधमा व्यक्तव्य प्रकाशित गरेका थिए अध्यक्ष विष्टलाई बुझाएको नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीले बताए । कावा अध्यक्ष विष्टले जिल्लाको माग सम्बोधन हुने आश्वासन दिएको अध्यक्ष तिवारीले बताए ।

उनले केन्द्रीय कमिटीको बैठक बसेर माग सम्बन्धमा छलफल हुने जानकारी गराए । असोज १२ गते हुने भनिएको चुनावका लागि असोज ४ गते उम्मेदवारी दर्ता मिति तोकिएको छ ।

## विद्यार्थी मोर्चाको प्रदर्शन

प्रस, वीरगंज, २ असोज/

प्रभु साह नेतृत्वको आम जनता पार्टीको भ्रातृ सङ्गठन आम विद्यार्थी मोर्चाले बुधवार वीरगंजमा प्रदर्शन गरेको छ । बसपार्क आदर्शनगरबाट निकालिएको सो प्रदर्शन नगरपरिक्रमा गरी घण्टाघरमा कोणसभा गरेर समापन भएको थियो ।




कोणसभाका वक्ताहरूले तराई-मधेसमा विद्यार्थी सङ्ख्या बढी भएको र सो अनुपातमा शिक्षकको व्यवस्था नगरिएको भन्दै तीनै तहका सरकारको विरोध गरेका थिए । उनीहरूले अहिले प्रतिसय विद्यार्थी एक शिक्षकको अवस्था रहेको र तत्काल त्यसको आधा विद्यार्थी सङ्ख्यामा एकजना शिक्षकको व्यवस्था हुनुपर्ने माग गरेका थिए ।

## गणेशमान स्मृति दिवसमा गोष्ठी

प्रस, वीरगंज, २ असोज/

नेपाली काङ्ग्रेस, बाराले सर्वोच्च नेता एवं लौहपुरुष स्व गणेशमान सिंहको २७औं स्मृति दिवस मनाएको छ । दिवसको अवसरमा बुधवार नेका बाराले पार्टी कार्यालय बिपी स्मृति भवनमा विचार गोष्ठी गरेको थियो ।

गोष्ठीमा नेका, बाराका सभापति राजेशराय यादव, उपसभापति अमिरीलाल पाल, सचिव भैयाराम यादव, क्षेत्रीय सभापति सुनील गुप्ता, लोकेश सिंह, तरुण दल बाराका अध्यक्ष दीपेन्द्र पटेल, नाजिर अन्सारीलगायतले सर्वोच्च नेता सिंहले प्रजातन्त्रप्राप्तिका लागि गरेका सङ्घर्षबारेमा प्रकाश पारेका थिए ।

**विचारसार एवं सूक्तिहरू**

**जे भनिन्छ, अर्थ त्यो हुँदैन, जुन अर्थ लाग्छ, त्यो भनिँदैन, यसबीच अधिकांश माया हराउँछ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# नदी सभ्यता जोगाऔं

**उपत्यकाका खोला किनारसम्बन्धी सर्वोच्च अदालतको फैसलामा पुनरावलोकन माग गर्दै सङ्घीय सरकारले निवेदन दिएको छ । गएको पुस ३ गते भएको सर्वोच्चको फैसलामा खोला किनारबाट २० मिटर छोड्नुपर्ने र नदी किनारका सरकारी जग्गा अतिक्रमण गरी बनाइएका बस्ती हटाउन भनिएको थियो । जनहित संरक्षण मञ्चका तर्फबाट प्रकाशमणि शर्मासमेतले बाग्मतीलगायत उपत्यकाका नदीहरू ढलमा परिणत हुँदै गएका, नदीको प्रदूषण र अतिक्रमणले बाग्मती सभ्यताको अन्त्य हुन पुगेको उल्लेख गर्दै रिट निवेदन दायर गरेकामा सर्वोच्चले सो फैसला दिएको हो । वास्तविक सुकुमबासी पहिचान गरी स्थानान्तरण गर्न सरकारलाई सर्वोच्चले आदेश दिएको छ । "वास्तविक सुकुमबासीहरूको पहिचान गरी इचुंगुनारायणमा बनाइएको आवासमा स्थानान्तरण गर्ने, सो सुविधाले नपुग्ने भए आवश्यक सङ्ख्यामा अन्यत्र आवासको व्यवस्थापन गर्ने, ती स्थानमा जान नचाहने, वैकल्पिक व्यवस्था नभएका वास्तविक सुकुमबासीको हकमा स्थानान्तरणको लागि तत्काल राहतस्वरूप नगद प्रदान गरी अतिक्रमण हटाउने" फैसलाको पूर्णपाठमा उल्लेख छ ।**

**यस सम्बन्धमा सुकुमबासी र सरकारहरू दुई धारमा देखिएका छन् । विसं २०५० भन्दा अगाडिदेखि नदी तथा खोला किनारमा बसोबास गर्दै आएका सुकुमबासीको एउटा समूह सर्वोच्चबाट स्थानान्तरणसम्बन्धी फैसला आएपछि खुशी भएका छन् । सुकुमबासी अगुवा हुकुमबहादुर लामाले त २०२३ देखि उपत्यकाका नदी र खोलामा आश्रय लिइरहेका सुकुमबासी नागरिकको पक्षमा फैसला आएको औपचारिक प्रतिक्रिया दिए । जोखिमयुक्त र जोखिममुक्त स्थान वर्गीकरण गरेर स्थानान्तरण गर्न उनको सुझाव थियो । नदी किनारका बसोवासी ठूलो समूह भने सर्वोच्चको फैसलाविरुद्ध छ ।**

**फैसला कार्यान्वयन गर्नुपर्ने अधिकारसम्पन्न सङ्घीय सरकार र स्थानीय सरकार पनि दुईतर्फ छन् । फैसलाको पक्षमा रहेको काठमडौं महानगरपालिकाले नदी किनार खाली गराउन पटकपटक प्रयास गरिरहेको छ । सङ्घीय सरकार भने फैसला कार्यान्वयन गर्न नसकिने भन्दै पुनरावलोकनको निवेदन बोकेर सर्वोच्च पुग्यो । नदी तटीय क्षेत्र छुट्ट्याउने स्थानीय सरकारको अधिकार क्षेत्र भएकोले यसमा अदालत वा अन्य पक्षले हस्तक्षेप गर्न नहुने सङ्घीय सरकारको दाबी छ । त्यसैगरी, नदी किनार खाली गराउँदा उनीहरूलाई राहत, क्षतिपूर्ति दिन एवं सट्टाभर्नाको प्रबन्ध गर्न राज्यको ठूलो धनराशि खर्च हुने भन्दै त्यसो सम्भव नरहेको सङ्घको तर्क छ । जसको जेसुकै बितोस्, जङ्गल किनार, नदी किनार, सडक किनार मिच्न पाउने वा अतिक्रमण गर्न पाउने क्षेत्र होइन । सोमध्ये पनि नदी किनार अतिसंवेदनशील क्षेत्र हो । सभ्यता, संस्कृति र जैविक विविधताको संरक्षणसँग नदी जोडिएको छ । नदीको सभ्यता मासिँदै जाने हो भने भोलि त्यसको क्षति अपुरणीय छ । अदालतले वास्तविक सुकुमबासी भनेको छ । मुलुकभर कहींकतै केही नरहेका र जीविकोपार्जनको भरपर्दो स्रोतसमेत नरहेका सुकुमबासी पहिचान गर्ने हो भने [redacted] अधिकांश सुकुमबासीमा पर्दैनन् । [redacted] थातथलो, घरजग्गा भएकाहरू [redacted] दाउपेचभन्दा पनि नदी संरक्षण र [redacted] एकमत हुनुपर्छ । भविष्यको क्षतिलाई [redacted] गानी गर्न तीनै तहका सरकारले [redacted]**

प्रसङ्ग: संविधान दिवस

# के सातौं संविधानले पनि विगतकै नियति भोग्ने

२००७ सालको प्रजातान्त्रिक आन्दोलनदेखि अहिसम्म आउँदा यो देशले सातौं संविधान प्राप्त गरेको छ । सालाखाला प्रत्येक १० वर्षमा आन्दोलन हुने गरेको छ र संविधान परिवर्तन भएको छ । किन देशले बारम्बार यो नियति भोगिरहेको छ ? यसको एउटै उत्तर छ– देशका शासकहरू इमानदार नभएर र देश सुहाउँदो संविधान बनाउन नसकेर । भारतले इङ्ल्यान्डको प्रभावमा परी जस्तो संविधान कोर्‍यो त्यसैलाई हुबहु बनाउन कोशिश गर्दा हाम्रो देशको माटो सुहाउँदो हुन सकेन । अर्कोतिर विज्ञको सल्लाह र सुझावभन्दा पनि केही सीमित नेताहरूको लहडमा संविधान जारी हुँदै आएको छ ।

वर्तमान संविधानको कुरा गर्दा प्रस्तावना नै उपन्यासको पहिलो पाना पढेजस्तो लाग्छ । यति लामो प्रस्तावना ईरान (३०७३ शब्द ) पछि संसारमा हाम्रै मुलुकको होला । विश्वको सबैभन्दा लामो भारतको संविधानमा जम्मा ७३ शब्द छन् । अमेरिकाको संविधानमा ५३ शब्द, चीनको लगभग ४५ शब्द छन् । भारत र चीनजस्ता भीमकाय मुलुकको प्रस्तावनामा ७३ र ४५ शब्द मात्र छन् तर ३ करोड जनसङ्ख्या भएको हाम्रो संविधानको प्रस्तावनामा लगभग २१५ शब्द छन् ।

नेपाली काङ्ग्रेस र नेकपा (एमाले)को सरकार गठनको विभिन्न कारणमध्ये नेपालको संविधान संशोधन पनि एक हो । संविधान लागू भएको नौ वर्ष पूरा भएको छ । सङ्घीय संसद्ले उक्त संविधान प्रारम्भ भएको मितिले १० वर्षपछि पुनरवलोकन गर्नेछ भन्ने संवैधानिक व्यवस्थासमेत गरेको छ । विधि र प्रक्रियाबमोजिम समानुकूल संशोधन गर्ने प्रचलन संसारभर छ । तर कहिलेसम्म । नागरिकको आक्रोश अहिले चरम सीमामा पुगिसकेको छ । युवाहरूको विदेश पलायनले डरलाग्दा समाजिक–आर्थिक समस्या जतातत्तै छरपस्ट भएका छन । पिण्ड खाने बेला भएकाले देश हाँकिरहेका छन्, जसको न भिजन छ, न जसलाई विज्ञान र प्रविधि को ज्ञान छ, न देश बनाउने चिन्ता छ । प्रधानमन्त्रीजस्तो मान्छे केटाकेटी पारामा मेयरसँग बाझेर समय नष्ट गर्छन् । जतातत्तै बेथिति र बेइमानी छ ।

देशलाई साँच्चै सतीको सराप नै परेको रहेछ । कहिल्यै देशले राजनीतिक स्थायित्व नपाउने भयो । प्रचण्ड सरकारले आँट गरेरै गृहमन्त्री रवि लामिछनेलाई पुराना भ्रष्टाचारीहरूको फाइल निर्धक्क खोल्न म्यान्डेट दिनेबित्तिकै भ्रष्टाचारीहरू धमाधम गिरफ्तार हुन थालेका थिए । जब निशाना आरजु राणा र केपी बातिर तेर्सियो, संविधानका केही बुँदामा परिवर्तन गर्ने नाममा अनैतिक साठगाँठ गरेर जनतालाई मूर्ख बनाउन खोजिरहेका रहेका छन् । संविधानका केही बुँदा परिवर्तन नै गर्नु थियो भने पूर्व सरकारले के बाधा पुर्‍याउँथ्यो होला ?

नेपाली राजनीतिमा बाँदर प्रवृत्ति हाबी छ भन्थे एकजना कवि । त्यो कुरा यति बेला सत्य साबित भएको छ । बाँदर प्रवृत्ति भनेको आफैं गरेर नखाने र गरिखानेलाई पनि गर्न नदिने व्यवहार हो ।

**स्वतन्त्र विचार**



**राजेन्द्रप्रसाद कोइराला**
Phd
rajendrakoirala20@gmail.com

**पिण्ड खाने बेला भएकाले देश हाँकिरहेका छन्, जसको न भिजन छ, न जसलाई विज्ञान र प्रविधि को ज्ञान छ, न देश बनाउने चिन्ता छ । प्रधानमन्त्रीजस्तो मान्छे केटाकेटी पारामा मेयरसँग बाझेर समय नष्ट गर्छन् । जतातत्तै बेथिति र बेइमानी छ ।**

प्रदेश सरकार र स्थानीय सरकारको अनियमितता र घुसखोरीले पराकाष्ठा नाघिसकेको प्रतिवेदन अख्तियारले प्रकाशित गरेकै छ । यस्तो अवस्थामा यस संविधानको औचित्य नै के रह्यो ? तीन तहका सरकारमध्ये स्थानीय सरकार सबैभन्दा बढी भ्रष्टाचार हुने निकाय बनेको छ । महालेखा परीक्षक र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले स्थानीय सरकारहरू भ्रष्टाचारको केन्द्र बन्दै गएको तथ्य बाहिर आएको छ । अख्तियारले केही वर्ष अघि स्थानीय तहमा हुने भ्रष्टाचारबारे सर्वेक्षण गरेको थियो । सातवटै प्रदेशका १५ जिल्ला समेटिएको सर्वेक्षण प्रतिवेदनमा स्थानीय तहका कर्मचारी र जनप्रतिनिधि सबैभन्दा बढी भ्रष्टाचारमा परेको देखाएको छ । प्राधिकरणमा दर्ता भएका करीब ३४ प्रतिशत उजूरी स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिसँग सम्बन्धित भएकोले त्यसको न्यूनीकरणका लागि ६१ बुँदे निर्देशनसमेत दिइएको थियो । तर स्थानीय जनप्रतिनिधि र कर्मचारीले त्यसको पालना गरेनन् । महालेखा परीक्षकको प्रतिवेदनमा पनि बेरुजुको झन्डै एकतिहाई हिस्सा स्थानीय सरकारको भागमा पर्छ । मिडियाले देखाएका २–४ हजारको भ्रष्टाचारले देश बिगारेको पटक्कै होइन । अहिले स्थानीय तहको सबैभन्दा ठूलो समस्या भ्रष्टाचार र अनियमितता बनेको छ । नीतिगत भ्रष्टाचारको स्थिति त थप भयावह छ । नीतिगत भ्रष्टाचार र कमिशनले देशलाई कङ्गाल पार्छ । अहिले नीतिभित्र नेता र कर्मचारी मात्र रमाएका छन् । व्यापारी–ठेकेदारको न्यानोमा रमाउने प्रशासक सबैका प्यारा छन् । स्थानीय सरकारमा केन्द्रमा झैं नीतिगत तह, खर्चको क्षेत्र, राजस्व र नियमनको सेरोफेरो भ्रष्टाचारका जोखिमयुक्त क्षेत्र हुन् ।

पछिल्लो समयमा सबैभन्दा अस्थिरता प्रदेशमा देखिएको छ । प्रदेश सरकार केन्द्र मातहतको निकाय होइन । केन्द्र सरकार फेरिनासाथ प्रदेश सरकारमा तलमाथि हुन्छ । प्रदेशलाई केन्द्रीय राजनीतिक दाउपेचको घानमा मिसाउँदा कतिपय प्रदेश अस्थिर मात्र नभएर प्रदेशसभा नै विघटन हुन पुगेका छन् । देश र सङ्घीयता बलियो बनाउँछौं भन्दै दाबी गर्ने प्रदेशका नेताहरू केन्द्रीय नेताहरूले बजाएको मादलको तालमा नाचिरहेका छन् । दलहरूको यो प्रवृत्तिले केन्द्रको मात्र होइन प्रदेश सरकार, त्यसका नीति तथा सार्वजनिक सेवाप्रवाहमा पनि असर पारिरहेको छ । बेरुजुका चाङको व्याख्या गरी साध्य नै छैन । प्रादेशिक सरकार भ्रष्टाचारीहरूको अखडा हुन पुगेको छ । जसले गर्दा शिक्षा, स्वास्थ्य, रोजगारजस्ता जनताका आधारभूत आवश्यकताको लागि सरकारसँग पैसा छैन । सरकार परिवर्तनसँगै गाडी खरीदको लागि होडबाजी चल्छ, प्रदेशमा । यस्तो बेथितिलाई कसरी भन्ने 'गाउँगाउँमा सिंहदरबार' ?

जनभावनाको उपेक्षा गर्दै राजनीतिक दलहरू आफ्नै स्वार्थमा रमाएका छन् । नेता पाल्ने, मुलुकमा अस्थिरता जन्माउने थलोको रूपमा प्रदेश सरकारको विकास भएको छ । परिवर्तन भइरहने सरकार दीर्घकालीन र बलियो हुने कुरै भएन । प्रदेश सरकारलाई संविधान अनुसार अधिकारसम्पन्न नबनाउँदा अहिले यो संरचनामाथि नै प्रश्न उठ्न थालेको छ । खासगरी सरकार परिवर्तन भइरहने र सबैले सांसद, मन्त्री मात्र ताक्ने हुँदा पनि प्रदेश संरचना नेता तथा कार्यकर्ता व्यवस्थापन गर्ने थलो बनेको जनताको बुझाइ छ ।

गाउँगाउँमा सिंहदरबार भनेर प्रचारित स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेर जनतालाई केही सेवा दिए पनि प्रदेशहरू राजनीति गर्ने अखडा मात्र बन्दै गएकोमा आलोचना हुँदै आएको छ । त्यसमा सङ्घकै बढी दोष देखिन्छ । किनकि कर्मचारी, प्रहरी, शिक्षाजस्ता महत्त्वपूर्ण कानून सङ्घले बनाइदिएको छैन । प्रदेशलाई अधिकार कार्यान्वयनको बाटो नखोलिदिंदा प्रदेशहरूमाथि नै प्रश्न उठ्ने गरेको छ । साझा अधिकार सूची अन्तर्गतका कानून बनाउन सङ्घीय सरकार गम्भीर नै छैन । सङ्घमा सत्ता फेरिएसँगै प्रदेशहरूमा पनि त्यही अनुसारको समीकरण बनाउने होडबाजी चल्छ ।

नेपालको राजनीति उल्टोपाल्टो हुँदै अघि बढिरहेको छ । वर्तमान राजनीतिप्रति जनतामा चासो बढेको देखिंदैन । व्यवस्था बदलियो, संविधान परिवर्तन भयो तर जनताको अवस्था उस्तै छ । यस्तो लोकतन्त्र प्राप्त गरेको के अर्थ ? लोकतन्त्रका नाममा नेता बने, तर देश र जनताको भाग्य र भविष्य बन्न सकेन । वडादेखि प्रदेश हुँदै केन्द्रसम्म जनताको करमा नेतादेखि उनका दलका कार्यकर्ता पाल्नुपर्ने बाध्यता हामीसँग छ । राजनीतिक दल र तिनका नेताहरूले राज्य सुधार्ने होइन, परिवार र नातासम्बन्धको जीवनस्तर उकास्ने काम गरिरहेका छन् । दीर्घकालीन स्थिर नीति नभएपछि नेताहरू लगामबेगरको घोडा भएका छन् ।

झन्डै एक दशक लामो यात्रा तय गरेको संविधान कार्यान्वयनमा धेरै उतारचढावहरू आए । संवैधानिक दायित्व पूरा गर्न नेपाली राजनीतिज्ञहरूको असफलताले जनतामा धेरै प्रश्न खडा गरेको छ र जनतालाई अब यी पुराना दलले केही गर्छन् भन्ने विश्वास पटक्कै छैन । यो संविधान बनेदेखि यसले ठूला घरानाका मालिकहरूलाई पोस्नुबाहेक केही गरेकै छैन ।

तथापि, संविधान जारी भएपछि केही सकारात्मक परिवर्तन पनि भएको पर्यवेक्षकहरूको भनाइ छ । सरकारी सेवाहरू जनताको घरदैलोमा पुगेका छन्, र देशले एक दशक लामो विद्रोह लडेपछि तुलनात्मक शान्ति र स्थिरता आएको छ । संविधानले समावेशी, महिला सहभागिता र लोकतान्त्रिक अभ्यासका विषयलाई व्यापकरूपले उठान गरेको कुरा नकार्न सकिंदैन । यति हुँदाहुँदै पनि संविधानमा प्रश्नचिह्न किन उठ्न थालेको छ त ?

राजनीतिक विश्लेषक भास्कर गौतमले समाजका विभिन्न वर्गको असहमतिका बावजुद संविधान जारी भएको र लामो विरोध प्रदर्शन भएको बताए । संविधानले परिकल्पना गरेको सङ्घीयताका आधारभूत सिद्धान्तहरूको समेत पर्याप्त र व्यापक छलफल हुन नसक्दा हाम्रो सामु समस्याका चाङ उभिएको हो । "समय बित्दै जाँदा यी मुद्दा सम्बोधन हुन सकेको छैन, सङ्घीयतालाई किनारा लगाउने र संविधान कार्यान्वयनका लागि कुनै ठोस प्रयास भएको छैन"–गौतमले भने– "संविधानलाई बलियो बनाउने सामूहिक प्रतिबद्धता हराएको छ ।"

पर्यवेक्षकहरूले समाजका विभिन्न वर्गको विरोधलाई बेवास्ता गर्दै ठूला दलहरूले संविधानलाई हतारमा जारी गरेको दोष लगाएका छन् जुन सही पनि हो र यसका पक्षधरहरूले यसलाई संरक्षण गर्न न्यूनतम प्रतिबद्धता देखाएका छन् । त्यसो गर्नेहरूले पनि संविधानलाई बार्गेनिङ चिपको रूपमा प्रयोग गरिरहेको यथार्थ हामीसँग लुकेको छैन ।

यस्तो अवस्थामा पर्यवेक्षकहरूले संविधानको गहिरो समीक्षा गर्न सुझाव दिएका छन् । संविधान पुनरवलोकनका लागि प्रमुख राजनीतिक दलहरूबीच सहमति हुनुपर्छ, आवश्यक परिमार्जन पनि गर्नुपर्छ । नत्र यो संविधानले पनि अघिल्ला संविधानहरूकै नियति भोग्नुपर्छ ।

संविधान दिवसको उपलक्ष्यमा सबैमा धेरैधेरै शुभकामना !

# राष्ट्रिय गौरवका आयोजनासम्बन्धी छुट्टै कानून ल्याउन माग

काठमाडौं, २ असोज/रासस

राष्ट्रियसभाका सांसदहरूले राष्ट्रिय गौरवका आयोजनासम्बन्धी छुट्टै कानून ल्याउन सरकारको ध्यानाकर्षण गराएका छन् । राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बुधवारको बैठकमा उनीहरूले सो ध्यानाकर्षण गराउँदै छुट्टै कानूनले गौरवका आयोजना समयमैं सम्पन्न गर्न सहयोग पुग्ने विश्वाससमेत व्यक्त गरे ।




आजको बैठकमा महाकाली सिंचाइ, रानी जमरा कुलरिया सिंचाइ, भेरी बबई डाइभर्सन, सिक्टा सिंचाइलगायत अन्य राष्ट्रिय गौरवका आयोजनामा पछिल्लो समयमा देखिएका समस्यामाथि छलफल भएको थियो ।

बैठकमा समितिका सदस्य कृष्णबहादुर रोकायाले सरकारले राष्ट्रिय गौरवका आयोजना घोषणा गर्ने तर यसको लागि आवश्यक स्रोतको व्यवस्थापन नगर्दा समस्या देखिएको बताए । उनले भने, "हरेक सरकारले हतारमा राष्ट्रिय गौरवको आयोजना घोषणा गर्ने तर त्यसको आवश्यक बजेटको व्यवस्था नगर्दा ती आयोजना अलपत्र परेका हुन्, यसलाई समाधान गर्नका लागि पनि राष्ट्रिय गौरवका आयोजनासम्बन्धी कानून नै आवश्यक रहेको छ ।"

समितिका सदस्य इन्दिरा जोशी गौतम, जगप्रसाद शर्मा, विष्णुकुमारी सापकोटा, किरणबाबू श्रेष्ठ, शेखरकुमार सिंह र गोपीबहादुर सार्की अछामीले राष्ट्रिय गौरवका आयोजना सम्पन्न गर्न ढिलाइ हुँदा लागत बढेको बताए । बैठकमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव सरीता दवाडीले सिक्टा सिंचाइ आयोजनाको आर्थिक वर्ष २०८०/८१ सम्ममा ४१.५८ प्रतिशत भौतिक र ४०.६२ प्रतिशत वित्तीयरूपमा काम सम्पन्न भएको जानकारी दिइन् । उनले भनिन्, "सबै गौरवका आयोजनामा आयोजना स्वीकृत गुरुयोजनाअनुरूप वार्षिकरूपमा विनियोजन हुने बजेट अत्यन्तै न्यून हुने गरेको छ । यस्ता आयोजनाका प्रमुख तथा अन्य कर्मचारीको छिटो सरुवा हुने हुँदा आयोजनाको प्रगतिमा असर पर्ने गरेको छ ।"

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# पोडवे बन्न सक्छ सार्वजनिक यातायात सुधार्ने उपयुक्त विकल्प

रमेश लम्साल,काठमाडौं, २ असोज/रासस

भौतिक पूर्वाधारको अधिकतम विकास गर्नका लागि सरकार र निजी क्षेत्रबीच साझा प्रयास जरुरी रहेको एवं लगानीका बहुस्रोत खोजी गर्न सामूहिक प्रयास गर्ने निष्कर्षका साथ नेपाल पूर्वाधार सम्मेलन सम्पन्न भएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाल उद्योग परिसङ्घको संयुक्त आयोजना तथा लगानी बोर्डको कार्यालय र नेपाली युवा निर्माण व्यवसायी समुदायको सहआयोजनामा गत भदौ २७ र २८ गते सो सम्मेलनको आयोजना गरिएको थियो । सो सम्मेलनबाट प्राप्त निष्कर्ष सूत्रबद्ध गरेर सरकारलाई बुझाइने आयोजकमध्येको एक परिसङ्घले जनाएको छ ।



सो सम्मेलनमा खासगरी वैकल्पिक सार्वजनिक सवारी साधनको रूपमा विकसित पोडवेबारे अधिकांशको चासो रहेको पाइएको थियो । सम्मेलन स्थलमा पूर्वाधार, यातायात, बैंक, बीमा, निर्माण क्षेत्रका २० वटाभन्दा बढी व्यावसायिक कक्षमध्य पोडवेको कक्षमा चासो राख्नेको सङ्ख्या उल्लेख्य थियो । पछिल्ला दिनमा सार्वजनिक यातायात असुरक्षित र अव्यवस्थित बनिरहेको सन्दर्भमा पोडवे एउटा विकल्प बन्न सक्ने अध्ययनले देखाएको छ ।

तारमा आधारित सो प्रणाली नेपालमा सञ्चालन भए सार्वजनिक यातायातमा क्रान्ति नै हुने जानकारहरू बताउँछन् । नेपालमा पोडवे प्रणाली भित्र्याउन लागिपरेका काठमाडौं पोडवेका उपाध्यक्ष नील भट्टराईले सम्मेलनका क्रममा प्राप्त सकारात्मक सन्देशले उत्साहित बनाएको बताए ।

प्रधानमन्त्री केपीशर्मा ओलीका आर्थिक विकास सल्लाहकार डा युवराज खतिवडा, बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलगायतले पोडवेको प्रविधि, लगानीका ढाँचालगायत विषयमा चासो राख्दै सहजीकरण गर्ने बताएका थिए ।

काठमाडौं पोडवेका उपाध्यक्ष भट्टराईले सरकारी तहमा चासो बढ्दै गएको एवं चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा समावेश भएकोले अब प्रक्रिया सहज अगाडि बढ्ने कुरामा विश्वास व्यक्त गरे । “पूर्वाधार सम्मेलनका क्रममा उपस्थित सरकारी एवं निजी क्षेत्रबाट व्यक्त चासोले हामीलाई प्रेरित गरेको छ । हामी थप आशावादी छौं, अब वैकल्पिक यातायात प्रणालीको विकासमा थप सहजीकरण हुनेछ”– उपाध्यक्ष भट्टराईले भने ।

उनका अनुसार पूर्वअर्थमन्त्रीसमेत रहेका डा खतिवडाले चासोपूर्वक पोडवे प्रविधिबारे जानकारी लिएका थिए । सरकारले आवश्यक नीतिगत व्यवस्था गरी पोडवेको अध्ययन तथा निर्माणका लागि सरकारले सहजीकरण गरिदिए एकाध महीनाभित्रै परिणाम दिन सकिने भट्टराईको भनाइ छ । काठमाडौंको गोणार्केश्वर नगरपालिकामा पोडवे सञ्चालनका लागि आवश्यक अध्ययन भइसकेको छ । क्यानडाका प्राविधिकले यस अघि नै सो क्षेत्रमा अध्ययन गरिसकेका छन् ।

सडक एवं नदी करिडरमा पोडवे निर्माण गर्न सकिने अध्ययनबाट देखिएको छ । यातायातको असुविधा रहेको काठमाडौं उपत्यका र अन्य शहरी क्षेत्रमा यो प्रविधि उपयुक्त विकल्प हुन सक्ने देखिएको उपाध्यक्ष भट्टराइको भनाइ छ ।

कम्पनीले काठमाडौं उपत्यकाभित्रका विभिन्न नगरपालिकालाई जोड्नेगरी पहिलो चरणमा १०० किलोमिटरमा पोडवे सञ्चालनका लागि प्रारम्भिक अध्ययन गरेको जनाएको छ । विद्यमान चक्रपथ, कौशलटार–नैकाप, बुढानीलकण्ठ–कीर्तिपुर, तारकेश्वर–टोखा हुँदै चक्रपथ, रत्नपार्क–बानेश्वर हुँदै चक्रपथ, गोकर्णेश्वर–बौद्ध–आरूबारी–दक्षिणढोका क्षेत्रसम्म उक्त प्रविधि विस्तार गर्न सकिने अध्ययनबाट देखिएको छ ।

कर्णाली प्रदेशमा सुर्खेत–हुम्ला (लिमी)सम्म २३१ किलोमिटर लामो पोडवे सञ्चालन गर्न सकिने गरी पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भइसकेको छ । सो कम्पनीले अध्ययन प्रतिवेदन कर्णाली प्रदेश सरकारलाई उपलब्ध गराइसकेको उल्लेख गरेको छ ।

यस्तै कोशी प्रदेशमा कुल ८३ किलोमिटर क्षेत्रमा पहिलो चरणमा काम गर्न मुख्यमन्त्री कार्कीले आग्रह गरेको जानकारी दिँदै उपाध्यक्ष भट्टराई सङ्घीय सरकारले आवश्यक नीतिगत प्रबन्ध गरिदिए सहज हुने बताउँछन् ।

सार्वजनिक सवारीसाधन व्यवस्थापनका लागि काठमाडौं उपत्यकामा मेट्रोरेलको अवधारणा ल्याइए पनि प्राविधिक र आर्थिक कठिनाईका कारण कार्यान्वयनमा जान सकेको छैन । पोडवे हालसम्मकै नयाँ र गुणस्तरीय प्रविधि भएको यसमा संलग्न हुनेहरूको दाबी छ । काठमाडौं उपत्यकाका अधिकांश स्थानीय तहले पोडवे सञ्चालनका लागि तयार रहेको प्रतिबद्धता व्यक्त गरिसकेका छन् ।

पोडवे तार (केबल)मा आधारित प्रविधि हो । यो केबलकारको अर्को र अत्याधुनिक स्वरूप हो । अर्को शब्दमा यसलाई रेलको पछिल्लो र अत्याधुनिक संरचनाका रूपमा लिइन्छ । सार्वजनिक यातायातका क्षेत्रमा विकास गरिएको नयाँ प्रविधिका रूपमा यसलाई लिइएको छ ।

हाल दुबई र बेलारूसमा उक्त प्रविधिमा आधारित पोडवे सञ्चालनमा छन् । अमेरिका र भारतमा पनि सञ्चालन हुने क्रममा छ । स्वदेशी बिजुलीको प्रयोग गरेर सञ्चालन गर्न सकिने भएकोले पेट्रोलियम पदार्थको आयातमा वार्षिकरूपमा खर्च हुने ठूलो विदेशी मुद्रा देशभित्रै राख्न सकिन्छ ।

पूर्वअर्थमन्त्री वर्षमान पुनले प्रस्तुत गरेको वार्षिक बजेटमा उक्त कार्यक्रम समावेश छ । बजेटमा पृथ्वी राजमार्गको विमलनगरबाट गोरखाको लिगलिगकोट–भच्चेक–बारपाक–बुङकोट–गोरखाबजार–मनकामना–बेनीघाटसम्म पोडवे यातायात प्रणालीको सम्भाव्यता अध्ययन र लगानी ढाँचा तय गरी निर्माण अगाडि बढाउने उल्लेख छ । यसका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालयले छुट्टाछुट्टै आयोजनाको प्रस्ताव गरेका छन् ।

लुम्बिनी प्रदेशमा नमूना परियोजनाका रूपमा सञ्चालन गर्ने तयारी गरिएको भए पनि सङ्घीय सरकारको अनुमति प्राप्त नहुँदा काम अघि बढ्न सकेको छैन । काठमाडौं पोडवेले पर्वतमा एउटा नमूना परियोजना सञ्चालनका लागि आवश्यक तयारी भने गरिरहेको जनाएको छ ।

मेट्रोरेलको जस्तै सुविधा दिने पोडवेको गति प्रतिघण्टा १५० किलोमिटर हुन्छ । पोडवे सञ्चालनका लागि छुट्टै ट्र्याक आवश्यक पर्छ । स्वचालित प्रविधिमा आधारित भएकोले पनि त्यसका लागि छुट्टै मार्ग निर्माण गर्नुपर्छ । पोडवे स्वचालित प्रविधिमा आधारित छ ।

यात्रु चढाउन र ओराल्न आकाशे पुलजस्तै संरचना तयार गर्नुपर्नेछ । केवलकारमा जस्तै पोडवे स्टेशनमा रोक्ने तथा झर्ने समयमा स्वचालित (अटोमेटिक) सुविधा प्राप्त हुनेछ । प्रत्येक दुई किलोमिटरमा स्टेशन निर्माण गरिन्छ ।

हाल सञ्चालनमा रहेका सडकको किनारा वा सडकको माथिबाट हिंड्ने भएकोले निर्माण गर्न सहज हुनेछ । सङ्घीय सरकारले आवश्यक नीति तयार गरी अनुमति दिएमा बढीमा तीन वर्षभित्रै काठमाडौं उपत्यकामा पोडवे सञ्चालन गर्न सकिने उनको भनाइ छ ।

सार्वजनिक यातायातका जानकार आशीष गजुरेल नेपालको यातायात क्षेत्रलाई गुणस्तरीय र जोखिमरहित बनाउने हो भने पोडवे नै उत्तम विकल्प भएको बताउँछन् । सरकारले नै यसका लागि पहलकदमी लिएर निजी क्षेत्रलाई निर्माण गर्ने अनुमति दिनुपर्ने उनको सुझाव छ ।

बेलारूसबाट शुरू भएको सो प्रविधिमा विश्वव्यापी चासो र माग बढ्दै गएको छ । पछिल्लो समय यो प्रविधि मौरिसस, मलेशियामा पनि सञ्चालनको तयारी छ ।

एउटा पोड (डिब्बा) मा एकपटकमा ४२ यात्रुले यात्रा गर्न सक्छन् । एक घण्टाको समयमा ५० हजार यात्रु आवतजावत गर्न सक्छन् । हालको मूल्य अनुसार प्रतिकिलोमिटर रु १० मा यात्रा गर्न सकिने अध्ययनले देखाएको छ । यो प्रविधि यात्रुका साथै सामान ओसारपसालमा पनि प्रयोग गर्न सकिन्छ ।

सरकारले २०८० मङ्सिर ७ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी पोडवे, स्काई रेल, स्काई ट्रलिबस, जलमार्गलगायत वैकल्पिक यातायातसम्बन्धी नीति कानून, मापदण्ड कार्यान्वयन गर्ने उल्लेख गरिसकेको छ ।

त्यस्तै लुम्बिनी विकास कोषले २०८० साल मङ्सिर २५ गते काठमाडौं पोडवेसँग विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) माग गर्ने निर्णय गरेको थियो । कोषले काठमाडौं पोडवेलाई डिपिआर पेश गर्न आग्रह गरिसकेको छ । अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले २०८० साल जेठ १२ गते नै काठमाडौं उपत्यकाको नदी करिडरमा ट्राफिक जाम कम गर्न माइक्रो रेल, पोडवे सञ्चालनका लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरिसकेको छ । काठमाडौं उपत्यकाका १३ वटा नगरपालिकाले पोडवेको आवश्यकता र महत्त्वबारे छलफल गरी आवश्यक नीतिगत व्यवस्थाका लागि शहरी विकास मन्त्रालयलाई अनुरोध गरिसकेका छन् ।

काठमाडौं पोडवेका उपाध्यक्ष भट्टराई बढी जनघनत्व भएको काठमाडौं उपत्यकालगायत प्रमुख शहरमा सहज, छिटो एवं भरपर्दो यातायातको विकल्पमा पोडवे नै रहेको बताउँछन् । खासगरी सडक र नदी करिडर सङ्घीय सरकार मातहत हुने भएकोले अनुमति लिन जरुरी रहेको उनको भनाइ छ ।

विश्वमा करीब चार दशकको अध्ययनपछि सन् २०२० मा मात्र यस प्रविधिले विश्वव्यापी मान्यता पाएको थियो । जानकारहरूका अनुसार १०० किलोमिटर पोडवे निर्माणमा करीब रु ४० अर्ब बराबर खर्च हुने अनुमान छ । सरकारले सहजीकरण गरिदिए नमूना परियोजना निर्माण गरेर देखाउने उपाध्यक्ष भट्टराईले विश्वास व्यक्त गरे ।

सार्वजनिक यातायातमा सुधार, रोजगार अभिवृद्धि र वैदेशिक लगानी भित्र्याउन सकिने भएकोले यस प्रविधिमा आकर्षित भएको र अनुमति पाएको १० वर्षमा १००० किलोमिटर पोडवे निर्माण गर्न सकिने उनको भनाइ छ ।




**ढल्केबर चोकः** पूर्व–पश्चिम राजमार्ग अन्तर्गत धनुषाको ढल्केबर चोकको दृश्य । तस्बिरः अमरेन्द्रकुमार यादव/रासस

# संविधान संशोधन सबैका लागि बहसको विषय

काठमाडौं, २ असोज/रासस

मन्त्रिपरिषद्का पूर्व अध्यक्ष एवं पूर्वप्रधानन्यायाधीश खिलराज रेग्मीले संवैधानिक अभ्यास, अनुभव र



कार्यान्वयन पक्षका कमीकमजोरीलाई केलाउँदै लोकतन्त्र, मानव अधिकार, समानता र समृद्धिको आगामी यात्रामा जुट्न सबैलाई आह्वान गरेका छन् ।

संविधान दिवस–२०८१ को पूर्वसन्ध्यामा दिएको शुभकामना सन्देशमा पूर्व अध्यक्ष रेग्मीले परिणाममुखी कामले मात्र जनाकाङ्क्षा पूरा हुने हुँदा संविधान लक्षित उद्देश्यतर्फ अघि बढ्न सुझाव दिए । “स्थिरता, जनसहभागिता, प्राप्त हक अधिकारको संरक्षण र समृद्धि संवैधानिक मार्गचित्र भएकोले यसको संवर्द्धन गर्नु आजको लोकतन्त्रको सारभूत विषय हो । हाम्रा सबै क्रियाकलाप यसतर्फ केन्द्रित हुनुपर्दछ”–उनले भने ।

लामो सङ्घर्ष र जनान्दोलनको कठिनतम प्रयासबाट लोकतान्त्रिक संविधान प्राप्त भएको स्मरण गराउँदै पूर्वप्रधानन्यायाधीश रेग्मीले वीर शहीदको बलिदान, घाइते, अपाङ्गहरूको सङ्घर्षपूर्ण जीवनले जनताको समुन्नत भविष्यका लागि अघि बढ्न घच्घच्याइरहेको स्पष्ट पारे । संविधान संशोधन सबैका लागि चासो र बहसको विषय बनेको उनले बताए ।

पूर्व अध्यक्ष रेग्मीले भने–“अब अलमलिने र अलमल्याउने छुट कसैलाई छैन । आजको प्रविधिको चरम विकास भएको विश्व व्यवस्थामा नेपाली जनता पनि बढी जागरुक र सचेत भइसकेको छ ।” उनले शिक्षा, स्वास्थ्य, रोजगार र समृद्धि आजको महत्त्वपूर्ण कार्यभार र आवश्यकता भएकोले जनताको जीवनस्तर सुधारमा ध्यान केन्द्रित गर्न सबैलाई सुझाव दिए ।

पूर्वप्रधानन्यायाधीश रेग्मीले आज संविधान संशोधनको विषय, एजेन्डाका रूपमा, सरकार पक्षबाट उठाइएकोले सार्वजनिक चासो र बहसको विषय बनिरहेको बताए । “संविधान दिवसका अवसरमा नेपाली जनताका आकाङ्क्षा र संवैधानिक लक्ष्य सबैको प्राथमिकताको विषय बनोस्, सम्पूर्ण नेपालीमा हार्दिक शुभकामना व्यक्त गर्दछु”–उनले भने ।

# बझाङको माझीगाउँ केन्द्रबिन्दु भएर भूकम्प

काठमाडौं, २ असोज/रासस

बझाङको माझीगाउँ आसपास केन्द्रविन्दु भएर भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार आज बिहान १० बजेर ८ मिनेट जाँदा बझाङको माझीगाउँ आसपास केन्द्रविन्दु भएर ४.३ रेक्टरस्केलको भूकम्प गएको हो ।

यस अघि गत भदौ ३० गते ताप्लेजुङको ल्होनाक आसपास केन्द्रविन्दू भएर भूकम्प गएको थियो । नेपालमा पछिल्लो समय भूकम्प जाने क्रम जारी रहेको केन्द्रले जनाएको छ । नेपाल हिमालय क्षेत्र भएकोले भूकम्पीय जोखिमको क्षेत्रका रूपमा लिने गरिन्छ ।

# इटहरीमा शुरू भयो बिजुली बस सेवा

धरान (सुनसरी), २ असोज/रासस

नगरवासीको सुविधालाई दृष्टिगत गरी इटहरी उपमहानगरपालिकाले आजदेखि चारवटा विद्युतीय बसबाट सेवा शुरू गरेको छ ।



इटहरी उपमहानगरपालिकाका प्रमुख हेमकर्ण पौडेलका अनुसार इटहरीका चारवटै क्षेत्रलाई समेटेर ‘रूट’ तयार गरी सेवा शुरू भएको हो । सडक सञ्जाल विस्तार भए पनि इटहरीका सबै क्षेत्रमा सार्वजनिक यातायात नियमित उपलब्ध नहुँदा नगरवासीको यात्रा सुविधाजनक बनाउने प्रयासस्वरूप सेवा प्रारम्भ भएको हो ।

नगर क्षेत्रमा बिहान ७ देखि ११ बजेसम्म र अपराह्न २ देखि साँझ ७ बजेसम्म नियमित सञ्चालन गरिने उक्त सेवाका निम्ति हाललाई रु २० तोकिएको छ । गत साउन २२ गते रु ६ करोड ३६ लाख ८६ हजारमा उपमहानगरपालिकाले बस खरीद गरेको हो । अपाङ्गता भएका व्यक्ति पनि यी बसमा सहज यात्रा गर्न सक्ने छन् ।

# आमरण अनशनरत सिलवालको जीवनरक्षाका लागि पत्राचार

काठमाडौं, २ असोज/रासस

राष्ट्रिय मानव अधिकार आयोगले आमरण अनशनमा रहेका दीपक सिलवालको अवस्थाबारे अनुगमन गरी जीवनरक्षाका लागि गृह मन्त्रालयलाई पत्राचार गरेको छ ।

प्रसव पीडामा परेका महिला र ज्यान जोखिममा रहेका ग्रामीण भेगका नागरिकको स्वास्थ्योपचार गर्न आपत्कालीन हेली उद्धार गरी पाउँ भनी गत भदौ २१ गतेदेखि काठमाडौंको शान्ति वाटिकामा आमरण अनशनमा रहेका तेह्रथुमको फेदाप–५ का ४२ वर्षीय दीपक सिलवालको स्वास्थ्यावस्था सम्बन्धमा आयोगले अनुगमन गरी उक्त पत्राचार गरेको हो ।

आयोगका प्रवक्ता टीकाराम पोखरेलले सिलवालको जीवनरक्षाका लागि आजै गृह मन्त्रालयलाई पत्राचार गरेको जानकारी दिए ।

पत्रमा भनिएको छ, “अनुगमनका क्रममा निज सिलवालको स्वास्थ्यस्थिति कमजोर बन्दै गएको पाइएकाले निजको स्वास्थ्योपचारसहित जीवनरक्षाका लागि आयोगले आजै गृह मन्त्रालयका साथै जिल्ला प्रशासन कार्यालय, काठमाडौं र प्रहरी परिसर भद्रकालीलाई समेत तपसिलबमोजिम पत्राचार गरेको छ ।”

# सडक नै यदि विकास हो भने ...

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**सडकविना विकास हुन सक्छ ? सडकको विकास नगरी कुनै किसिमको विकास हुन सक्छ ? यस किसिमको प्रश्न जब मनमा उब्जन्छ तब सडक नै विकासको पहिलो शर्त हो भन्ने कुरा आउँछ । उसो भए कुन किसिमको सडक विकासको लागि समृद्धि ल्याउने मार्ग हो ?**

आजभोलि भौतिकतातर्फको आकर्षण बढेकै हो । अधिकांश मानिसको लागि भौतिक पदार्थ नै सबैथोक भएको छ । भौतिक विकासलाई नै सबैथोक ठान्ने प्रवृत्तिको विकास भइरहेको छ । भौतिक सम्पत्ति आर्जन गर्ने तथा भौतिक सुख सुविधा भोग गर्नेलाई सुखी र सम्पन्न भन्न थालिएको छ । जोसित जति धेरै भौतिक सुख–सुविधाछ, ऊ त्यत्तिकै सम्पन्न मानिन थालिएको छ । सम्पत्तिशालीलाई महान् मान्न थालिएको छ । वास्तवमा सबैतिर भौतिकवादको प्रभुत्व जम्दै गइरहेको छ । जतिजति भौतिकवादको प्रभुत्व र वर्चस्वको विस्तार भइरहेको छ मानिसमा उतिउति विकासप्रति चाहना पनि बढ्दै गइरहेको छ ।

विकासको हकमा कतिपयले यो दाबी गरिरहेका छन् कि पश्चिमाहरू अब उत्कर्षमा पुगिसकेका छन् । अब उनीहरूलाई केही चाहिएको छैन । सबै किसिमका भौतिक सुख–सुविधा उपभोग गरिरहेका वा गरिसकेका छन् । चरम उपभोक्तावादबाट बिस्तारै ओरालो लाग्नुपर्ने मनोविज्ञानमा रहेको वर्तमानमा धेरै पश्चिमाहरू पूर्वीय संस्कृतितिर आकर्षित भइरहेका छन् । यसले गर्दा यो पनि पाइएको छ कि धेरै विकसित तथा शिक्षित र भौतिक सुखसुविधाले पूर्ण मानिस कृष्णलाई मान्न थालेका छन् । यसैले गीताको अध्ययनको क्षेत्र फराकिलो बनिरहेको छ । गीताले सिकाएको योग तथा व्यायामको महत्त्व बढिरहेको छ, ध्यान पनि गर्नुपर्ने रहेछ भन्ने चेतनाको विस्तार भइरहेको छ । भौतिक सुखले दिने आनन्दले भन्दा ध्यान गर्दा पाइने आनन्द फरक किसिमले उच्च रहेको बुझिन थालेको छ ।

अहिलेको समयमा यदि भौतिकताको व्यावहारिक प्रयोग खोज्ने हो भने सबैले ठोसरूपमा सडक, पुल तथा भवनलाई लिने गरेको पाइन्छ । जहाँ भौतिक विकास धेरै भएको छ, त्यहाँका सडक फराकिला र चिल्लो, भवन भव्य तथा पुलको वास्तुशैलीलाई महत्त्व दिइएको पाइन्छ । पुल जहाँ पनि हुन सक्ने रहेछ । जमीनमुनि, जमीनमाथि र नदीमाथि अर्थात् जहाँ आवश्यक पर्छ, पुल निर्माण गर्न सकिने रहेछ । पुलमाथि पुल पनि निर्माण हुन सक्ने रहेछ । यीसँगै भौतिक विकासका अन्य आधारहरू छन् तर जहाँ पुल, सडक र भवनको विकास भएको हुँदैन त्यहाँको भौतिक विकास कमजोर रहेको मानिन्छ वा विकास नै नभएको मानिन्छ । अनि सामान्य रूपमा गाउँमा पनि विकासको मूल कुरो के हो भनी प्रश्न गर्ने हो भने सबैले दिने जवाफ पनि सडक, बिजुली, पुल हो । गाउँमा भवनको त्यत्ति कुरो आउँदैन । अनि जहाँ गाउँमा पुलको आवश्यकता छैन र बिजुली पुगिसकेको छ, त्यहाँ यदि सर्वसाधारणलाई यही प्रश्न राख्ने हो भने जवाफ आउँछ सडक ।

सडकलाई विकास होइन, सारा विकासको पूर्वाधार भनिन्छ । विकासको मूल पूर्वाधार भन्नु नै सडक हो । तर, धेरैले सडकलाई नै विकास मान्ने गरेको पाइन्छ । यदि सडकलाई नै विकास मान्ने हो भने यसको विकास हुनुपर्ने हो । सडकको विकास त भएको छ, निकै भएको छ । अझै भइरहेको छ । सैद्धान्तिकरूपले भन्ने हो भने सडकको विकासमा तीन तहको सरकार लागेको छ । र, हामी यदि भारततिर जान्छौं भने भारतको विकसित सडक हेर्दा भन्न थाल्छौं, सडकको विकास भएको छ । भारतले विकास गरेको छ । अनि नेपालबाट अन्य देशमा जानेहरूले पनि त्यहाँको सडकको विकास हेरेर नेपालसित तुलना गर्दछन् । नेपालसित तुलना गरेर सडकको विकास हुनुपर्ने मनसाय व्यक्त गर्दछन् । सडकको विकासले देशको विकास हुने धेरैको भनाइ छ । यस किसिमको मान्यता वा मनोभाव धेरैको रहेको पाइन्छ कि सडकले समृद्धि पनि ल्याउँछ । सडकले ल्याउने समृद्धिको कुरो त धेरैले पत्याउन पनि सक्छन् । नहुने पनि होइन, तर सडकले हामीकहाँ ल्याएको समृद्धि वा सडकको विकासले देखाइरहेको समृद्धि हाम्रो सामु नै छ । देशमा यति धेरै सडकको विकास भइसकेको छ, भइरहेको छ र सडकलाई समृद्धिको आधार मान्ने मान्यताको आधारमा विचार गर्ने हो भने सडकले समृद्धि ल्याएको देखिन्छ कि देखिंदैन भन्ने पनि विचारमा आइहाल्छ । अनि, सडकविना विकास हुन सक्छ ? सडकको विकास नगरी कुनै किसिमको विकास हुन सक्छ ? यस किसिमको प्रश्न जब मनमा उब्जन्छ तब सडक नै विकासको पहिलो शर्त हो भन्ने कुरा आउँछ । उसो भए कुन किसिमको सडक विकासको लागि समृद्धि ल्याउने मार्ग हो ?

अहिले सडक कस्तो छ ? अहिलेको सडक ढलानको मुख्य कमजोरी के हो ? अहिले सडक ढलान वा निर्माणको मुख्य समस्या के हो ? सडक निर्माण भएपछि कस्तो समस्या देखिएको छ ? सडकबाट कस्तो असन्तुष्टि छ ? यदि यी प्रश्नहरूको जवाफ खोज्ने हो भने सडकका धेरै समस्या बाहिर आउँछन् । एउटा समस्या त यो हो कि जसले पनि सडक निर्माण गर्दछ । कहाँदेखि कहाँसम्म सडक निर्माण हुनुपर्ने हो र सडकको लेभल के हुने कुनै निश्चित हुँदैन । सडक सोझै निर्माण भएको हुन्छ । हेर्दा सडक छ, पक्की छ । केही वर्षकै अन्तरालमा दोहोऱ्याएर पनि बनेको छ । सडक उपभोक्ता समितिले पनि बनाउँछ । उपभोक्ता समितिले बनाएको सडकको आयु कति वर्षको हुन्छ ? ढलान सडकमाथि फेरि ढलान किन हुन्छ ? ढलान भएपछि कसैलाई कुनै मतलब हुँदैन । यसरी बनेको सडक नै होइन भन्नेहरू पनि छन् । जब सडकलाई विकासको पूर्वाधार मानिन्छ भने सडक त सोही प्रकृतिको हुनुपर्छ । जस्तोसुकै ढलान वा जस्तोसुकै पिच अर्थात् कालोपत्रेलाई सडक नभन्ने कि ? नमान्ने कि ? उसो भए सडकले पनि विकासको उल्टो अर्थ दिने काम गरेको छ त ?

अन्यथा अर्थ नलागोस्, सडक ढलानको प्रवृत्ति यति धेरै विकास भएको छ कि गाउँमा पनि धरतीलाई पानी पाउन मुश्किल हुन थालेको छ । धरतीलाई पानी प्राप्त नहुँदा हुने समस्याबारे कसैलाई कुनै चासो छैन । चासो यति मात्र छ कि घरमा बाथरूम, किचेन आदि सबैतिरको पानी सोझै नालामा जाओस्, नाला पक्की होस् र नालाको निकास गाउँभन्दा बाहिर होस् । गाउँका गल्लीहरू जति सबै ढलान होऊन्, सबै पक्की भएपछि त्यहाँको जमीनले पहिलेजस्तो पानी पाउने कुनै स्रोत बाँकी रहँदैन । अहिलेको विकास यही हो ।

सर्वसाधारणले विचार गर्न नसकेको अर्को यथार्थ हो सडकको गति । सडकको गति कति हुने ? अर्थात् जुन सडकको निर्माण भएको छ वा ढलान भएको छ, त्यसमा कति रफ्तारमा गाडी चलाउन मिल्छ ? यस दृष्टिकोणले विचार गर्ने हो भने हामी निकै पछाडि छौं । वास्तवमा हाम्रा सडकहरू सवारी साधन र मानिसलाई धूलो, हिलो तथा पानीबाट बचाउने किसिमका मात्र छन् । जहाँ सडकको कारण विकास भएको भनिन्छ, जहाँ सडकलाई विकासको आधार मानिएको छ, जहाँ सडकलाई मुख्य पूर्वाधार मानिएको छ त्यहाँको सडक सामान्यतया प्रतिघण्टा एक सय किलोमिटर गुड्न सकिने हुन्छ । जब सडकमा प्रतिघण्टा एक सय किलोमिटरको दरले गुड्न सकिनेगरी काम हुन्छ तब त्यहाँ विकास हुन्छ । विकसित देशको कथा सुन्दछौं, दुई तीन सय किलोमिटर टाढासम्म कार्यालय र डेरा हुन्छ । यति धेरै टाढा आवतजावत गर्न किन गाह्रो हुँदैन भने यातायातको साधन सजिलै पाइन्छ । धेरै समय लाग्दैन । रेलको गति पनि सय किलोमिटरभन्दा बढी हुन्छ र बाटो पनि यति राम्रो हुन्छ कि गाडीलाई आनन्दले सय किलोमिटरको दरमा गुडाउन सकिन्छ । यात्रा गर्दा कुनै किसिमको दुर्घटनाको डर हुँदैन । यस किसिमको विकासको अवधारणा आउनुपर्छ कि सडकको निर्माण जति हुन्छ, त्यसमा एउटा निश्चितता होस् । सडक निर्माण गर्दा कति गतिको र कति तौलसम्मको लागि हो भन्ने कुरा पूर्व निश्चित हुनुपर्छ । सडकलाई बीचमा खाल्डो वा अग्लो–होचो गरी सतह निर्माण हुनुहुँदैन । सडकको सतह पूर्णतया मिलेको हुनुपर्छ । अझ ढलान सडकमा त मोटरसाइकल र पैदल उस्तै हिंड्नेगरी कतै कतै निर्माण भएको देखिन्छ ।

हामीकहाँ यति धेरै सडकको निर्माण भइसक्दा पनि हाम्रो विकासको गति वा विकासको स्तर बढ्न नसक्नुको कारणमध्ये यो पनि हो कि सडकको कुनै मापदण्ड भएन । सडकहरू त छन् तर त्यसमा गति छैन । वास्तवमा सडकमा गुड्ने गति सयभन्दा बढीको आवश्यकता भइसकेको छ, अब त्यतातिर विचार गरौं ।



**वन काँशः** महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका–६ धबौली गाउँमा फुलेर सेताम्मे बनेको वन काँश (एक प्रकारको खर) । तस्बिर : सञ्जीतकुमार मण्डल /रासस

# विद्यालयको अवस्था बुझ्न नगरप्रमुख सिंह विद्यालयमा

प्रस, वीरगंज, २ असोज/

राष्ट्रिय शिक्षा दिवसको अवसर पारेर बुधवार वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले कक्षा कोठामा मेयर कार्यक्रम अन्तर्गत दुईवटा विद्यालयकमा विद्यार्थीसँगै बसेर पठनपाठनको अवस्था र विद्यालयको भौतिक स्थितिलगायतका बारेमा जानकारी लिएका छन् ।



नगरप्रमुख सिंहले वीरगंज–१६ नगवामा रहेको सनलाइट मावि र वीरगंज–१२ पावरहाउसमा रहेको कादम्बरी माविका विद्यार्थीहरूलाई आफूसँग रहेको पाठ्य सामग्रीको अधिकतम उपयोग गर्दै पढाइमा ध्यान दिन सुझाए ।

अध्ययनलाई केन्द्रमा राखेर अन्य गतिविधिलाई पनि समानरूपमा अघि बढाउन उनले विद्यार्थीहरूलाई सुझाव दिए । नगरप्रमुख सिंहले विद्यार्थीले गरेका गृहकार्य अवलोकन गर्नुका साथै उनीहरूका समस्याबारेमा पनि जानकारी लिएका थिए । महानगरभित्रका सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक अवस्थाबारे जानकारी लिन आफू विद्यालयमा पुगेको नगरप्रमुख सिंहले बताए । नगरप्रमुख सिंहले कक्षा १० का विद्यार्थीको कक्षामैं पुगेर उनीहरूलाई उत्प्रेरणा दिंदा विद्यार्थीमा अध्ययनका लागि हौसला मिलेको सनलाइट माविका प्रधानाध्यापक आलोक चौरसियाले बताए ।


यसैगरी, नगरप्रमुख सिंहले सोही विद्यालयमा अध्ययनरत सिमलताल पहिरोमा परी बेपत्ता भएका एन्जल बसका चालक जवाहिर महतोका छोराहरूसँग पनि भेट गरे । सनलाइट माविको अनुगमनका क्रममा सोही विद्यालयमा अध्ययनरत चालक महतोका दुईजना छोरा कक्षा ४ मा अध्ययनरत श्याम कुशवाहा र युकेजीमा अध्ययनरत बिट्टु कुशवाहासँग भेटका थिए । सो अवसरमा नगरप्रमुख सिंहले दुवै बालकको कक्षा १२ सम्म निश्शुल्क अध्ययन गर्ने व्यवस्था मिलाइएको जानकारी गराए । कार्यक्रममा शिक्षा प्रमुख अरविन्दलाल कर्ण, नगरप्रमुखका प्रेस सल्लाहका महेश दास, जनसम्पर्क सल्लाहकार नवराज फुयाँल, शिक्षक दिनानाथ साहलगायतको सहभागिता थियो ।

# ‘द स्कूल वाल’ रसिया चलचित्र महोत्सवमा प्रथम

प्रस, वीरगंज, २ असोज/

नेपालको लघु चलचित्र ‘द स्कूल वाल’ रसियाको चलचित्र महोत्सवको फाइनलमा विजेता घोषित भएको छ । ‘लाइट अफ द वर्ल्ड’ नाराका साथ आयोजना गरिएको रसियाको किनो फेस्टिभलमा सहभागी विभिन्न १२१ देशका तीन हजार ४९१ वटा चलचित्रमध्येबाट ‘द स्कूल वाल’ले पहिलो स्थान हासिल हो । रसियाको रिबिन्स्क सिटीमा सेप्टेम्बर १२ देखि १६ सम्म सो चलचित्र महोत्सवको आयोजना गरिएको थियो । फाइनल चरणमा अमेरिका, इन्डोनेशिया, भारत, ब्रजील सहभागी थिए । नेपालको तर्फबाट ‘द स्कूल वाल’ पहिलो स्थानसँगै भारत दोस्रो र अमेरिका तेस्रो भएका थिए ।

बाल मनोविज्ञानमा आधारित लघु चलचित्र ‘द स्कूल वाल’ यस अघि नाइजेरियाको इडो स्टेट इन्टरनेशनल फिल्म फेस्टिभल, इरानको रोशड इन्टरनेशनल एजुकेशन एन्ड साइन्टिफिक फिल्म फेस्टिभल, जिम्बाबेको भर्सिटी फिल्म एक्स्पो र बेलायतको लिफ्ट अफ फिल्ममेकर सेसन्स र फस्ट टाइम फिल्म मेकर सेसन्समा छनोट भएको थियो । द स्कूल वाल काठमाडौं इन्टरनेशनल माउन्टेन फिल्म फेस्टिभलमा छनोट भएर राष्ट्रिय सभागृहमा प्रदर्शनसमेत भएको थियो ।




लघु चलचित्रमा श्लोक साहले मुख्य भूमिका निर्वाह गरेका छन् भने कलाकारहरू सुवासप्रसाद गजुरेल, सरोज लामिछाने, चन्द्रप्रसाद पाण्डे, गीताश्री थापा, आयुषा गौतम, विदुरप्रसाद सिग्देल, निष्ठा दाहाल, रेहान केसी, खेमराज कोइराला, उद्धव दङ्गालगायतको अभिनय रहेको छ । लघु चलचित्रलाई सुरेन्द्र क्षत्रीले कास्टिङ डाइरेक्शनसँगै निर्माणसमेत गरेका हुन् ।

द स्कूल वालमा पर्खालको रूपमा गरीबी, परिस्थिति र जिम्मेवारीलाई प्रस्तुत गरिएको छ । लघु चलचित्रमा विद्यालयनजीकै जुत्ता पालिस गर्ने तराईको एक बालकको सङ्घर्षको कथालाई प्रस्तुत गरिएको छ । काठमाडौंमा छायाङ्कन गरिएको लघु चलचित्रको दृश्य नारायण जिसीले खिचेका हुन् । लघु चलचित्रको सम्पादन तथा रङ्ग संयोजन अनिलकुमार महर्जन र सहायक निर्देशन करन साउदको छ ।

## अन्तर्राष्ट्रिय समाचार

# सेनालाई आन्तरिक सुरक्षाका लागि विस्तारित अधिकार प्रदान

ढाका, बङ्गलादेश, २ असोज/एएनआई

बङ्गलादेशको अन्तरिम सरकारले मङ्गलवार सेनालाई 'म्याजिस्टेरियल' शक्ति प्रदान गर्ने आदेश जारी गरेको छ। यस निर्देशनले सशस्त्र सेनालाई देशभित्र आन्तरिक सुरक्षा सुनिश्चित गर्न विस्तारित अधिकार प्रयोग गर्न सक्षम बनाउँछ।

बङ्गलादेशको सामान्य प्रशासन मन्त्रालयले फौजदारी कार्यविधि संहिता १८९८ को धारा १२ (१) र १७ मा उल्लिखित विशेष कार्यकारी म्याजिस्ट्रेटको अधिकारबारे व्याख्या गर्दै यो आदेश जारी गरेको हो।

यो आदेशले बङ्गलादेशी सेनाका अख्तियारप्राप्त अधिकारीलाई मात्र आउँदो ६० दिनका लागि देशभर यो विशेष शक्ति प्रयोग गर्न अनुमति दिइएको छ।

बङ्गलादेशमा सुरक्षा व्यवस्था कायम राख्न सेनाको भूमिका विस्तार भएको पुष्टि गर्ने आदेशको प्रतिलिपि एएनआईले प्राप्त गरेको छ। बङ्गलादेशी सेनाले म्याजिस्ट्रेसी शक्ति प्राप्ति र कार्यान्वयन स्वीकार गरेको छ।

"सेनाले म्याजिस्ट्रेसी शक्ति प्राप्त गरेको खबर सही हो"–इन्टरसर्भिस पब्लिक रिलेसन्स डाइरेक्टोरेट (आइएसपिआर) का निर्देशक कर्नल सामी उद्दौला चौधरीले पुष्टि गरे।

यस अघि शेख हसिनाको सरकारको नेतृत्वमा, नागरिक अधिकारीलाई सहयोग गर्न जुलाई १९ मा कर्फ्यु लगाइएको थियो र सेना देशभर तैनाथ गरिएको थियो।

एक महीना अघि विद्यार्थी नेतृत्वको आन्दोलनले शेख हसिनालाई बङ्गलादेशको प्रधानमन्त्रीबाट अपदस्थ गरेको थियो। त्यसलगत्तै बङ्गलादेशमा नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको हो।

"सेनाको मुख्य जिम्मेवारी बङ्गलादेशको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षा गर्नु हो"– सेनाका एकजना वरिष्ठ जनरलले सेनाको विस्तारित भूमिकाबारे विस्तृत जानकारी दिए–"तर उनीहरूले राष्ट्र–निर्माण गतिविधि, बङ्गलादेश भित्र र बाहिर प्रकोप व्यवस्थापन र नागरिक शक्तिको सहायतामा आन्तरिक सुरक्षा कर्तव्यहरू पनि पालन गर्छन्।" रासस



# यागीका कारण ६० लाख बालबालिका प्रभावित

बैंकक, २ असोज/एएफपी

चक्रवात यागीले निम्त्याएको बाढी र पहिरोका कारण दक्षिणपूर्वी एशियामा करीब ६० लाख बालबालिका प्रभावित भएका युनिसेफले बुधवार जनाएको छ।

यागीले दुई हप्ता अघि भियतनाम, थाइल्यान्ड, लाओस र म्यान्मामा शक्तिशाली हावा र भारी वर्षा निम्त्याएको थियो।

राष्ट्रसङ्घीय बाल एजेन्सी युनिसेफले स्वच्छ पानी, शिक्षा, स्वास्थ्य सेवा, खाना र आश्रयको पहुँच सम्झौताको आधारमा यागीबाट प्रभावित बालबालिकाको सङ्ख्या उल्लेख गरेको हो।

कमजोर बालबालिका तथा परिवार यागीजन्य विनाशकारी परिस्थिति सामना गर्न बाध्य भएका युनिसेफका पूर्वी एशिया प्रशान्तका क्षेत्रीय निर्देशक जुन कुनुगीले बताएका छन्।

यसैगरी, भियतनाममा पिउने पानी र सरसफाइको अभावका कारण करीब ३० लाख मानिस रोगको जोखिममा रहेका युनिसेफले जनाएको छ।

म्यान्मामा बाढीका कारण करीब चार लाख मानिस विस्थापित भएका छन्।

युनिसेफले यागीले म्यान्मामा गम्भीर मानवीय अवस्था निम्त्याई सीमान्तकृत समुदायलाई सङ्कटमा धकेलेको उल्लेख गरिएको छ।

विश्व खाद्य कार्यक्रमले बुधवार म्यान्मामा यसै हप्ता आपत्कालीन प्रतिक्रिया शुरू गरी पाँच लाख मानिसलाई एक महीनाको आपत्कालीन खाद्यान्न वितरण गर्ने जनाएको छ।

युनिसेफका अनुसार जलवायु परिवर्तन र मानवीय खतराले पूर्वी एशिया र प्रशान्त क्षेत्रका बालबालिकालाई व्यापक असर गर्ने जनाएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – बेचैनी | वृष – अतिथिआगमन |
| मिथुन – कर्मप्राप्ति | कर्कट – ईश्वरभक्ति |
| सिंह – वादविवाद | कन्या – व्यापारवृद्धि |
| तुला – कडापरिश्रम | वृश्चिक – ज्ञानोदय |
| धनु – भयचिन्ता | मकर – मित्रमिलन |
| कुम्भ – धनलाभ | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# पहिलो चरणको मतदान शुरू

श्रीनगर, २ असोजरासस/एएफपी

भारत प्रशासित जम्मु–कश्मीरमा दश वर्षपछि बुधवार विधानसभा निर्वाचन अन्तर्गत पहिलो चरणको मतदान शुरू भएको छ।

सन् २०१९ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारद्वारा जम्मु–कश्मीरको विशेष दर्जा हटाइयो र केन्द्र शासित दुई प्रदेश सिर्जना गरिएको थियो।

त्यस बेलादेखि सङ्घीय गभर्नरले यस क्षेत्रलाई नियन्त्रण गर्दै आएका छन्। एक दशकमा भएको पहिलो विधानसभा निर्वाचनलाई धेरैले व्यावहारिक नीतिभन्दा लोकतान्त्रिक अधिकारको प्रयोगका रूपमा हेरेका छन्।

श्रीनगरको मुख्य शहर नजीकै पुल्वामामा मतदान गर्ने पहिलो मतदाता ३१ वर्षीया नाभिद पाराले भने–"दश वर्षपछि हाम्रो आवाज सुनिने भएको छ। म मेरो आवाजको प्रतिनिधित्व गर्न चाहन्छु।"

पैंतीस वर्षदेखि द्वन्द्वको सामना गरिरहेको जम्मु–कश्मीर क्षेत्रमा करीब ५ लाख भारतीय सेना तैनाथ गरिएको छ।

मोदीले जनतालाई भारी सङ्ख्यामा मतदान गर्न र लोकतन्त्रलाई बलियो बनाउन आग्रह गरेका छन्।

विद्रोहीहरू स्वतन्त्रता वा पाकिस्तानमा विलयको माग गर्दै दशकौंदेखि भारतीय सेनासँग लडिरहेका छन्।

करीब एक दशकपछि जम्मु–कश्मीरमा तीन चरणमा हुने निर्वाचनलाई मध्यनजर गर्दै प्रदेशभर सुरक्षा व्यवस्था कडा पारिएको छ।

जम्मु–कश्मीरमा सेप्टेम्बर २५ मा दोस्रो र अक्टोबर १ मा तेस्रो चरणको मतदान हुनेछ। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**बोटले धान्न नसकेर टेको लगाइएको स्याउको बोट:** रोल्पाको सुकीदह गाउँपालिका–३ स्थित मनिमारेका किसानको बगैंचामा बोटले नै धान्न नसक्ने गरी लटरम्म फलेको स्याउका बोटमा लगाइएको टेको। तस्बिर: कुलदीप न्यौपाने/रासस

# आश्विन कृष्ण पक्षः पितृ पक्ष (सोऱ्ह श्राद्ध) शुरू

काठमाडौं, २ असोज/रासस

प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि शुरू हुने सोऱ्ह श्राद्ध अर्थात् पितृ पक्ष बुधवारदेखि विधिवत् आरम्भ भएको छ।

प्रतिपदा तिथि श्राद्धको पिण्डदान अपराह्नकालमा गर्नुपर्ने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य एवं धर्मशास्त्रविद् प्राडा देवमणि भट्टराईले जानकारी दिए।

आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोऱ्हवटा तिथिमा वचनका आधारमा श्राद्ध गर्ने गरिएको धर्मशास्त्रविद् प्राडा रामचन्द्र गौतम बताउँछन्। जाताशौच, मृताशौच र पत्नी रजस्वला भएका अवस्थामा बाहेक सोऱ्ह श्राद्ध छोड्नु नहुने धर्मशास्त्रविद् गौतम बताउँछन्।

कारणवश सोऱ्ह श्राद्ध रोकिंदा शास्त्रमा अनेक विकल्प दिइएका छन्। सोऱ्ह श्राद्ध कर्ताले आफ्ना पिताको तिथिमा गर्नुपर्ने विधान छ। आपत् धर्म अनुसार कुनै कारणवश अड्किएमा आश्विन कृष्ण औंसीदेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् गौतम बताउँछन्।

यो समयमा पनि कारणवश सोऱ्ह श्राद्ध गर्न नसकिएमा कार्तिककृष्ण औंसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिन्छ। कार्तिककृष्ण औंसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने धर्मसिन्धु नामक शास्त्रीय धर्मग्रन्थमा उल्लेख गरिएको छ।

आश्विन शुक्ल पञ्चमीपछिका अष्टमी, द्वादशी र औंसी, भरणी नक्षत्र र व्यतीपात योग परेका दिन जुनसुकै तिथि परे पनि रोकिएको सोऱ्ह श्राद्ध गर्न सकिने शास्त्रीय विकल्पसमेत निर्णयसिन्धु, धर्मसिन्धुलगायत धर्मशास्त्रका ग्रन्थमा दिइएको नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुखसमेत रहेका समिति सदस्य प्राडा भट्टराईले जानकारी दिए।

त्यसपछि पनि सोऱ्ह श्राद्ध गर्न नसकिएमा सक्नेले आफैं नसक्नेले ब्राह्मणमार्फत दैनिक १०८ मन्त्र जप गर्न सकिने शास्त्रीय विकल्प रहेको धर्मशास्त्रविद् गौतमले बताए। विधिपूर्वक यस्तो जप १० महीनासम्म गर्नुपर्छ। यो विधिबाट पनि पितृले तृप्ति प्राप्त गर्ने धार्मिक विश्वास छ।



**सोऱ्ह श्राद्धमा गङ्गासागर पोखरी:** सोऱ्ह श्राद्ध अर्थात् पितृ पक्षमा बुधवार जनकपुरधामको गङ्गासागर पोखरीमा दिवङ्गत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गर्नेहरूको घुइँचो। तस्बिर : निरञ्जनकुमार साह/रासस

दिवङ्गत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले यसलाई सोऱ्ह श्राद्ध भनिएको हो। यो समयलाई अपर, प्रेत पक्ष आदि नामले पनि बुझिन्छ।

चाडपर्व यज्ञयागादि तथा ठूला कार्य गर्नु अघि पितृलाई श्रद्धाभक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्परा अनुसार सोऱ्ह श्राद्ध गर्ने गरिएको हो। यस समयमा पितृले आस गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ।

यसरी सोऱ्ह श्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्वबोध पूरा हुनाका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ। यो पक्षमा श्राद्ध नगर्दा अक्षम्य दोष लाग्छ भन्ने शास्त्रीय

पुरोहितले आफू अनुकूल बिहानै श्राद्ध गर्नु शास्त्रसम्मत नहुने बताउँदै उनले अपराह्नकाल पारेर पिताका तिथिका दिन सोऱ्ह श्राद्ध गर्नुपर्ने बताए। यसका लागि प्रत्येक दिन कुन समयमा श्राद्ध गर्ने भन्ने तालिका बनाएर दिइएको तोयानाथ पन्तको पञ्चाङ्गका सम्पादक सूर्यनाथ पन्तले जानकारी दिए। पितृपक्षभर यही तालिकाका आधारमा श्राद्ध गर्न पनि सुझाव दिए।

पितृ पक्षको समाप्तिसँगै दुर्गा पक्ष अर्थात् बडा दशैं शुरू हुन्छ। बडादशैं मनाउनु अघि पितृ तृप्तिका लागि सोऱ्ह श्राद्ध गर्ने गरिएको धर्मशास्त्रीय मत छ। ठूला पर्व वा चाड मनाउनु अघि पितृतृप्तिको कर्म गर्ने वैदिक सनातनी परम्परा छ।

## कृषि ज्ञान केन्द्र पर्साको करारमा कर्मचारी पदपूर्तिसम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८१/०६/०३

कृषि ज्ञान केन्द्र, पर्सा अन्तर्गत रिक्त रहेका पदहरूमा तपसिल बमोजिमका सङ्ख्यामा निम्न बमोजिम योग्यता भएका कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र माग बमोजिमको विवरणसहित तोकिएको ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**पदको विवरणः–**

| क्रसं | विज्ञापन नं | पद | तह/श्रेणी | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१–२०८१/८२ | हलुका सवारी चालक | श्रेणीविहीन (प्रथमस्तर) | १ (एक) | |
| २ | ०२–२०८१/८२ | कार्यालय सहयोगी | श्रेणीविहीन (प्रथमस्तर) | २ (दुई) | |

# १० वर्षमा ३१ हजारजना पीडितलाई उपचार सेवा

प्रस, महोत्तरी, २ असोज/

महोत्तरीको बर्दिबासस्थित सर्पदंश उपचार केन्द्रले स्थापनाको १० वर्षमा जनाले सेवा लिएको केन्द्रका अध्यक्ष देवकोटाले जानकारी दिए । अध्यक्ष देवकोटाका अनुसार बितेको साउनमा उपचार टोली प्रमुख मानसिंह कुँवरका अनुसार लामो खडेरीपछि एक्कासि ठूलो पानी परेको बेला सर्पदंशका घटना बढ्ने




करीब ३१ जनालाई सेवा दिएको छ ।

बर्दिबास–३ गौरीडाँडामा स्थापना भएको सर्पदंश उपचार केन्द्रले सञ्चालनमा आएदेखि हालसम्म ३० हजार ९४८ जनालाई उपचार सेवा प्रदान गरेको सो केन्द्रले जनाएको छ ।

केन्द्रको सेवाबारे सञ्चारकर्मीहरूलाई केन्द्रका अध्यक्ष कृष्ण देवकोटाले बुधवार जानकारी गराएका छन् । विसं २०७१ साउन ३१ गतेदेखि सञ्चालनमा आएको सर्पदंश उपचार केन्द्रले महोत्तरीलगायत सो आसपासका जिल्लाहरूबाट आउने सर्पदंशका बिरामीलाई समेत उपचार सेवा प्रदान गर्दै आएको छ ।

चालु आर्थिक वर्षमा हालसम्म १०१ ५० जना र भदौमा ५१ जनाले उपचार लिएका थिए । उपचार केन्द्र स्थापना भएदेखि उपचारमा नेपाली सेनाका छजना दक्ष जनशक्ति खट्दै आएका छन् ।

सञ्चालनमा आएदेखि हालसम्मको एक दशक अवधिमा सबैभन्दा बढी सर्पदंशका बिरामी आव २०७६/७७ र आव २०७८/७९ मा केन्द्रमा उपचारका लागि आएको देखिएका छन् । आव २०७६/७७ मा तीन हजार ९४७ जनाले र आव २०७८/७९ मा तीन हजार ९२२ जनाले उपचार सेवा लिएका थिए ।

त्यसैगरी, बितेको आवमा ८८४ जनाको उपचार भएको केन्द्रको अभिलेखमा उल्लेख छ । नेपाली सेनाको गरेको छ । यस्तो अवस्थमा विशेष सतर्कता अपनाउन उनको सुझाव छ ।

महीनाको हिसाबले हेर्दा प्रायः भदौमा सर्पदंशका घटना बढी हुने गरेको उपचार केन्द्र प्रमुख कुँवरले बताए ।

विगतमा महोत्तरीको बर्दिबास नगर क्षेत्रमा सर्पदंशका घटना बढी देखिने गरेका थिए । बढ्दो शहरीकरण र मानव चहलपहल वृद्धि भएसँगै सर्पको बिगबिगी घटेको उपचार केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरूको बुझाइ छ ।

उपचार केन्द्रमा महोत्तरी, सिन्धुली, धनुषा र सर्लाहीलगायतका जिल्लाहरूबाट सेवाग्राही उपचारका लागि आउने गर्छन् ।

# तेरापन्थद्वारा नौ दिनमा नौ सय पिन्ट रगत सङ्कलन

प्रस, वीरगंज, २ असोज/

तेरापन्थ युवक परिषद्को आयोजनामा भदौ २५ देखि असोज ४ गतेसम्म ११ दिने रक्त सङ्कलन अभियान अन्तर्गत बुधवार नौ दिनसम्म नौ सय पिन्ट रगत सङ्कलन भएको छ ।

रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक मनीष साहले मङ्गलवार र बुधवार गरी दुई दिनमा ८५ पिन्ट रगत सङ्कलन भएको र अहिलेसम्म नौ दिनमा ८९८ पिन्ट रगत सङ्कलन भएको बताए ।

मङ्गलवार नेपाल मेडिसिटी बयोधा अस्पतालमा भएको रक्तदान कार्यक्रममा पाँचजना महिलासहित ३४ जनाले रक्तदान गरेका थिए । कार्यक्रममा डा अर्चना मेहता, रञ्जनाकुमारी पासवान, विशाल गुप्ता, सहिया बिमली, विश्वनाथ कण्ठ, साबिर आलम, राजु थापालगायतले रक्तदान गरेको प्राविधिक साहले बताए ।

यसैगरी, बुधवार सरावगी समूहको



आयोजनामा परवानीपुरमा भएको रक्तदान कार्यक्रममा चारजना महिलासहित ५१ जनाले रक्तदान गरेका उनले बताए ।

कार्यक्रममा शकुन्तला चौधरी, सुष्मिता चौधरी, प्रीति कुमारी, सुबोध सहनी, रवीन्द्र महतो थारु, सुजित पटेल, शेखर दास, जीलन लामा, अरविन्द कँडेललगायतले रक्तदान गरेको उनले बताए ।

# पसलहरूमा छापामारी, सात पसललाई कारबाही

प्रस, वीरगंज, २ असोज/

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंजले बुधवार मूल्यसूची नराखेको, खरीद बिल नदेखाएको, इजाजत नलिई पसल सञ्चालन गरेको तथा अनुगमन कार्यमा पाँचदेखि १० हजार रुपैयाँ जरिवाना गरिएको र सो जरिवाना गरिएको रकम ७ दिन भित्र राष्ट्रिय वाणिज्य बैंकमा



वीरगंज महानगर अन्तर्गतका पसलहरूमा छापा मारी सातवटा पसललाई जरिवाना गरेको छ । कार्यालयले चाडपर्व नजिकिएको बखत उपभोक्ता ठग्ने कार्य बढ्न सक्ने कुरालाई मध्यनजर गरेर आज पसलहरूमा छापामारी गरेको थियो ।

सो क्रममा उपभोक्तासँग बढी मूल्य लिएको, गुणस्तरहीन वस्तु बिक्री गरेको, म्याद नाघेका सामान बिक्री गरेको, लेबल नभएका सामान बिक्री गरेको, पसलमा सहयोग नगर्ने पसलहरूलाई कारबाही गरेको सूचना अधिकारी दिलीप खड्ग खत्वेले बताए । उनले सातवटा पसललाई रु ४५ हजार जरिवाना गरिएको जानकारी गराए ।

न्यू अमित किराना, आयुष गल्ला किराना, मुकेश एन्ड केशरी किराना स्टोर्स, राहुल एन्ड नवीन किराना, भगवती किराना भण्डार, मुन्नालाल किराना र पिन्टु किराना भण्डारले खरीद बिल नदेखाएका कारण उनीहरूलाई दाखिला गरी भौचर कार्यालयमा पेश गर्न निर्देशन दिएको उनले बताए ।

अनुगमनमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयका निमित्त कार्यालय प्रमुख सुनील चौरसियाको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जिल्ला प्रहरी कार्यालय, वीरगंज उद्योग वाणिज्य सङ्घ, उपभोक्ता हित संरक्षण मञ्चका प्रतिनिधि सहभागी थिए ।

# संविधान दिवसबारे विचार गोष्ठी

प्रस, वीरगंज, २ असोज/

ज्ञानदा एकेडेमीको आयोजनामा संविधान दिवसको औचित्य विषयक एक दिने विचार गोष्ठी सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ अधिवक्ता रामेश्वर सेढाईंले हिमाल, पहाड, तराई जुनसुकै स्थानमा बसोबास गरे पनि सबै समान भएकाले सबैलाई समानताको अनुभूति गराउने माध्यम संविधान भएको बताए ।

उनले संसारमा संविधान कसरी आयो, त्यसको विकास कसरी भयो र हामीकहाँ भएको संविधानको निर्माणको हिसाबले कुन स्थानमा छौं भन्नेबारेमा चर्चा गरेका थिए । प्रमुख अतिथि सेढाईंले विसं २००४ मा निर्माण भएको संविधान तीन वर्ष टिकेको, २०१५ मा निर्माण भएको संविधान २८ वर्ष टिकेको, २०४७ मा निर्माण भएको संविधान १६ वर्ष टिकेको, २०६३ मा अन्तरिम संविधान निर्माण भएकोले १० वर्ष टिकेको र अहिलेको संविधान २०७३ को १० वर्ष




भइसकेको बताए ।

ज्ञानदाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रप्रसाद कोइरालाले संविधानको विशेष चर्चा हुने तथा संविधान अर्थात् कानून भन्ने कुरा सबै नागरिकले बुझ्नुपर्ने र देशको मूल कानून भनेकै संविधान भएकोले त्यसबारेमा बढीभन्दा बढी जानकारी दिन सकियोस् भनेर कार्यक्रम आयोजना गरिएको बताए ।

कार्यक्रममा डा सुषमा तिवारी, नेपाल पत्रकार महासङ्घ पर्साका उपाध्यक्ष युवराज खड्कालगायतको सहभागिता थियो । कार्यक्रममा प्राध्यापक शङ्कर आचार्यले स्वागत र रामप्रसाद पाण्डेले सहजीकरण गरेका थिए ।






## धानखेतमा युवकको शव

प्रस, सप्तरी, २ असोज/

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिकास्थित धान खेतमा बुधवार बिहान एक युवकको शव फेला परेको छ ।

सोही गाउँपालिका वडा नं ६ मोहनपुर बस्ने २८ वर्षीय ईश्वर पोखरेलको शव स्थानीय शनि चौधरीको खेतमा फेला परेको हो ।

वैदेशिक रोजगारमा रहेका पोखरेल उनकी आमाको निधन भएपछि किरिया गर्न १५ दिन अघि मात्रै घर फर्किएका थिए । उनको मृत्युको कारण खुलेको छैन । शव शल्यपरीक्षणका लागि गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालमा राखिएको छ ।

घटना रहस्यमय रहेको र यसबारे अनुसन्धान थालिएको प्रहरीले जनाएको छ । शल्यपरीक्षण प्रतिवेदन आएपछि मृत्युको कारण खुल्ने र अनुसन्धानमा थप सहज हुने जिल्ला प्रहरी कार्यालय, सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ढुङ्डीराज न्यौपानेले बताए ।

मृतकका परिवारजनका अनुसार विश्वकर्मा पूजाको अवसरमा पोखरेल महुली बजारमा आयोजित सांस्कृतिक कार्यक्रम हेर्न गएका थिए ।

## बाइक रेसिङ प्रतियोगिता हुने

प्रस, वीरगंज, २ असोज/

लायन्स इन्टरनेशनल डिस्ट्रिक्ट–३२५ जे नेपालले पहिलो गभर्नर्स कप सुपरमोटो बाइक रेसिङ प्रतियोगिता गर्ने भएको छ ।

यही असोज ४ र ५ गते पोखरा रङ्गशालामा हुने प्रतियोगितामा १६ जना राष्ट्रिय बाइक रेसिङ खेलाडीले भाग लिने बताइएको छ ।

प्रतियोगिताको सम्पूर्ण प्राविधिक पक्षको जिम्मेवारी मोटर स्पोर्ट्स नेपाल क्लबले लिएको र प्रतियोगिताको पहिलो दिन असोज ४ गते प्राक्टिस राउन्ड हुने र दोस्रो दिन ५ गते प्रतियोगिता हुनेछ ।


## नेपालको संविधानका मुख्य विशेषताहरू

- जननिर्वाचित संविधानसभाबाट जारी भएको पहिलो संविधान,
- सार्वभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा निहित,
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- संसदीय शासन प्रणाली, स्वतन्त्र न्यायपालिका,
- धर्मनिरपेक्षता तथा समावेशीकरणको सिद्धान्तलाई आत्मसात्,
- आवधिक, प्रत्यक्ष र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- संविधानवाद एवं लोकतान्त्रिक मूल्य मान्यतामा आधारित ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

# सौन्दर्यसम्बन्धी अन्तर्राष्ट्रिय तालीम

प्रस, वीरगंज, २ असोज/

स्वीडिश मल्टिनेशनल कस्मेटिक्स कम्पनी ओरिफ्लेमको नेपालस्थित आधिकारिक आयातकर्ता एडभान्स ग्रुप अफ कम्पनीसंगको सहकार्यमा काठमाडौंमा सौन्दर्यसम्बन्धी दुई दिने अन्तर्राष्ट्रिय तालीम सम्पन्न भएको छ । ब्युटीबारेमा तथा मेकअप आर्टिस्ट मेहेक मोहिनले विवाहलगायतका उत्सवमा गरिने मेकअप कसरी आकर्षक बनाउने भन्नेबारे प्रशिक्षण दिएका थिए ।

ओरिफ्लेमको नेपालस्थित आधिकारिक आयातकर्ता एडभान्स ग्रुप अफ कम्पनीले २०० भन्दा बढी उत्पादन




भदौ ३१ र असोज १ गते आयोजित तालीममा ओरिफ्लेमका रिटेल, सबविक्रेता र ब्युटिशियनहरू सहभागी थिए ।

तालीममा ओरिफ्लेमका ग्लोबल स्किन एक्सपर्ट अन्ना क्रुसले स्किन र आयात गरी नेपालभरि बिक्री गर्दै आएको छ । सौन्दर्यको बजारमा आक्रामक उपस्थिति जनाएको एडभान्स ग्रुपले एक वर्षभित्र ओरिफ्लेमका ६०० उत्पादन नेपाली बजारमा ल्याउने लक्ष्य राखेको पनि जनाएको छ ।